# अध्याय–एक

# अध्ययनको परिचय

## १.१ भूमिका

प्राकृतिक पर्यावरणीय जीवन चक्र जस्तै मानिसको पनि जीवनचक्र हुन्छ । जसअनुसार ऊ बालक, किशोर, युवावस्था र वृद्ध हुँदै जीवन उत्सर्ग गर्न पुग्दछ । उसले जीवनका हरेक चरण पार गर्दै जीवनको अन्तिम चरण वृद्धावस्थामा अवतरण गर्न पुग्दछ । यस अवस्थामा मानिसले अनेक किसिमका समस्याहरू झेल्नु पर्ने हुन्छ । यो उसको बाध्यता मात्र नभएर प्रकृतिले दिएको वरदान हो भन्न सकिन्छ ।

प्राचीन हिन्दु पद्धतिअनुसार मानव जीवनको सिङ्गो काललाई चार वर्णाश्रम व्यवस्थामा विभाजन गरिएको कुरा हिन्दु ग्रन्थहरूमा उल्लेख छ । हिन्दु सामाजिक व्यवस्था र जीवन पद्धतिलाई ४ भागमा विभाजन गरि आदर्शमय जीवन व्यतित गर्न मार्ग तय गरिएको छ । ब्रम्हचर्य, गृहस्थः वनप्रस्थ र सन्यास । त्यस अनुसार व्यवहार गर्न चरित्र र व्यक्तित्वको विकास गर्नु आवश्यक मानिन्थ्यो । यो सँग गाँसिएको अर्को धारणा के थियो भने मानिस जन्मेपछि उसले अनेक दायित्व सम्हाल्नु पर्छ । तवमात्र जीवन व्यवस्थित तथा सार्थक बन्न सक्दछ भन्ने धारणा थियो । धर्म, अर्थ, काम, मोक्ष यी पुरुषार्थहरू नै आश्रम व्यवस्थाका मनोवैज्ञानिक नैतिक आधार मानिए । (यात्रि, वि.सं. २०५५)

मानिस जन्मन्छ, हुर्कन्छ र कालान्तरमा वृद्ध हुँदै अन्त्यमा मर्दछ । यो सबै स्वभाविक एवं प्रकृतिजन्य पक्ष हुन् । पृथ्वीमा जन्मने सबै प्राणीहरूको मृत्यु अवश्यम्भावी छ, ध्रुवसत्य छ, निश्चित छ । पुराना अनुहारहरूको विलय र नयाँ अनुहारहरूको आगमनको यो अविच्छिन्न शृङ्खला पूर्व ऐतिहासिक छ, बोध गम्य छ र अतीतका पानाहरूको विलय पनि हुँदै आएको छ । जन्मेका हरेक अनुहारहरू आफ्ना अग्रज अनुहारहरूबाट केही बटुल्दै पछि आउने अनुहारहरूसँग समेत हातेमालो गरी

केही छोडेर जान्छन् भोली तिनै बटुलेका र छोडेकाहरूको थप इतिहास बन्छ सो इतिहासको पनि विचमा पानाहरू हराउँदै जान्छ र इतिहास आफैमा प्रागऐतिहासिक बन्छ । (वातावरण : नेपाल जनसंख्या र विकास जर्नल, १९९९) ।

नेपालका वृद्धवृद्धाहरू सम्बन्धि खासै निर्धारित परिभाषा छैन । नेपाली भाषामा वृद्धबारे धेरै शब्दहरू पाइन्छन् । जस्तै (बुढो मानिस) बुढ्यौली (बुढो उमेर भएका) हजुरबुवा, हजुरआमा, बाजे बजै आदि (विष्ट, २००३) ।

वृद्धवृद्धा कसलाई भन्ने वा कुन उमेरसम्म पुगेकालाई वृद्धवृद्धा भन्ने बारेमा विभिन्न जनसंख्याविद्हरूको मत फरक फरक रहेको पाइन्छ । जनसंख्याविद्हरूले ६० वर्ष उमेर माथिका ६२ वर्षको उमेर माथिका ६४ वर्षको उमेर माथिका ७२ वर्षको उमेर माथिका तथा ७५ वर्ष माथिका व्यक्तिहरूलाई वृद्धावस्थाको रूपमा परिभाषित गरेका छन् । संयुक्त राष्ट्र संघले ६४ वर्ष उमेर पुगेकालाई वृद्धवृद्धाको रूपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा निजामति सेवा नियमावली ५८ वर्ष तथा त्रिभुवन विश्वविद्यालय सेवा नियमावलीले ६३ वर्ष उमेर पुगेपछि जागिरबाट अवकास पाउने व्यवस्था रहेको छ । स्थानीय विकास मन्त्रालयबाट ठाउँ जातजाति, एकल महिलाको लागि अलग अलग परिभाषित गरि ६० वर्षदेखि ७० वर्ष उमेर पुगेका वृद्धवृद्धाले वृद्धभत्ता पाउने व्यवस्था गरेको छ । (स्थानीय विकास मन्त्रालय, वि.सं. २०६५) ।

संयुक्त राष्ट्र संघले समाजमा विभिन्न वर्गप्रति विश्वको ध्यानाकृष्ट गरी उनीहरूको उन्नती र आत्मसम्मानमा वृद्धि गर्ने उद्देश्यले विगतमा नारी वर्ष, वालवर्ष, अपाङ्गवर्ष, युवावर्ष मनाउँदै आएको छ । सोही अनुरूप सन् १९९९ लाई अन्तर्राष्ट्रिय वृद्धवर्षको रूपमा मनाएर वृद्धहरूको आत्मसम्मान वृद्धि गर्ने र उनीहरूको ज्ञान अनुभव र क्षमताको उपयोग गर्दै समाजमा वृद्धपिढीको सुरक्षाको निम्ति विभिन्न कार्यक्रमहरू अगाडि सारिएको छ । भियनामा सम्पन्न वृद्धवृद्धासम्बन्धी प्रथम विश्वसम्मेलनमा ग्रहण गरिएको 'वृद्धवस्था' सम्बन्धी अन्तर्राष्ट्रिय कार्ययोजनाले महत्वपूर्ण नीति तथा

पहलहरूको रूपमा २० वर्षमा अवधारणाको पथप्रदर्शन गरी वृद्धावस्था सम्बन्धि क्रियाकलापहरूलाई निर्देशित गरेको थियो । धेरै वृद्धव्यक्तिहरू सुरक्षा सँगै वृद्ध हुँदै जान्छन् र स्वतः आफूलाई आफ्ना समुदाय र परिवारभित्र सहभागी हुन सबल पनि बनाउँछन् । अन्तर्राष्ट्रिय कार्ययोजनाको उद्देश्य सबैतिरका व्यक्तिहरू सुरक्षा र मर्यादासँग वृद्ध हुँदै जानु र पूर्ण अधिकार सम्पन्न नागरिकको रूपमा आ-आफ्ना समाजमानिरन्तर रूपमा सहभागीहुन सक्षम भएको सुनिश्चित गर्नु हो । (अन्तर्राष्ट्रिय कार्ययोजना प्रतिवेदन, २००२)

सबैभन्दा पहिला १९८९मा अष्ट्रियाको राजधानी भियनामा वृद्ध सम्मेलन भएको थियो । जसको उद्देश्य वृद्धवृद्धाहरूलाई सामाजिक तथा आर्थिक सुरक्षा प्रदान गर्नुका साथै विकास प्रक्रियामा भाग लिन पाउनु हो ।

Encyclopedia of Social Science, 1968 ले सक्रिय अवस्थामा रहेका शारीरिक अवस्था विस्तारै उमेरसँगै असक्त शारीरिक कमजोरीको लक्षण देखा पर्दै जाने अवस्थालाई वृद्ध अवस्था भनेको पाइन्छ । प्रायः समाजमा वृद्ध भन्नाले जसका नातिनातिनाहरू र सेतै कपाल फुलिसकेका छन् उनीहरू नै वृद्ध भनेर चिनिन्छन् ।

यस अनुसन्धानमा वृद्धवृद्धाहरूको वास्तविक अवस्था तिनीहरूका समस्याका बारेमा अध्ययन गरिएको छ । आज औषधी तथा विभिन्न खानेकुराको कारणले मानिसको जीवनप्रत्याशा दर दिनप्रतिदिन बढ्दै गएको छ भने मृत्युदर घट्दै गएको छ । यसले गर्दा वृद्धवृद्धाहरूको संख्यामा वृद्धि हुँदै गएको छ । यसले गर्दा वृद्धवृद्धाहरूको संख्या पनि बढ्दै गएकोले समस्याको रूपमा देखापर्न थालेको छ ।

वृद्धावस्था भनेको जीवन चक्रको अन्तिम अवस्था हो । वाल्यावस्था, युवावस्था पार गर्दै यस वृद्धावस्थासम्म आइपुग्दा दुई किसिमका परिवर्तन देखा पर्दछन् । एउटा शारीरिक र अर्को मानसिक युवावस्थाको जोश जाँगर उत्साह सबै उमेर सँगै सेलाउँदै जान्छ । वाँच्नको लागि शारीरिक र मानसिक रूपमा कमजोर भएपछि सहाराको लागि दोस्रो व्यक्तिको संरक्षण र हेरचाहको आवश्यकता पर्दछ । सबै मानिस आखिर बुढाबुढी

हुनैपर्दछ । रातो गाला चाउरिन्छ, तेजिलो आँखा धमिलो हुन्छ । कान नसुनिने हुन्छ, हातगोडा थर्थराउँछन् हिड्न असमर्थ होइन्छ । बुढ्याइले कुनै जात अथवा वर्ग विशेष छुट्याउँदैन । धनी होस् वा गरीव मुठि बाँधेर आएको हात एकदिन जानै पर्दछ । बुढाबुढी हुनैपर्दछ नचाहेर पनि । त्ययैले बुढाबुढि हुनु कुनै अपराध होइन । यो त प्रकृतिजन्य स्वभाविक प्रक्रिया हो एक अवस्था हो जीवन हो । (बुढ्यौली आवाज, २००१)

वृद्धावस्था मानवजीवनको एक महत्वपूर्ण अवस्था हो जुन अवस्थामा मानिस अरू अवस्थामा भन्दा बढी अनुभवी, पाको व्यवहारिक र विवेकी बनेको हुन्छ । अनि जीवनको सास्वतमूल्य र मान्यतालाई उसले साक्षात्कार गरिसकेको हुन्छ । तर आज वृद्धवृद्धाहरू प्रति समाज र स्वयं वृद्धवृद्धाहरूमा पनि सकारात्मक भन्दाबढी नकारात्मक अवधारणा विकसित हुँदै गएको देखिन्छ । हीनताबोध, उदासिनता र सोचाई भिन्नताले गर्दा वृद्धवृद्धाहरू आफूलाई परिवार समाजबाट बढी उपेक्षित र अपहेलित महसुस गर्न थालेको पाइन्छ जो वृद्ध स्वयं र समाज र राष्ट्रकै लागि हानिकारक बन्न पुगेको छ । वृद्धवृद्धाहरू समाजका अमूल्य निधि हुन् । उनीहरूबाट परिवार, समाज, राष्ट्रले धेरै कुरा जान्न र सिक्न सक्दछन् । उनीहरूको जगेर्ना गर्नु राष्ट्रलाई आवश्यक छ । (श्रद्धासुमन, वि.सं. २०५५)

जन्मदर घट्दै गएको र मानिसको आयु वढ्दै गएको कारण विश्वमा ६० वर्ष उमेर नाघेका मानिसहरूको जनसंख्या थपिने क्रम बढ्दो छ । संयुक्त राष्ट्र संघ जनसंख्या महाशाखाको तथ्याङ्क अनुसार अहिले विश्वमा ६० वर्ष नाघेका मानिसहरूको संख्या साठी करोड छ । यो विश्व जनसंख्याको १० प्रतिशत मात्र थियो । सन् २०५० सम्ममा वृद्धहरूका जनसंख्या दुई अर्व पुग्ने छ र सो संख्या विश्व जनसंख्याको २२ प्रतिशत हुने छ । यसले समाजको हरेक क्षेत्रमा यसको प्रभाव देखिनेछ (साप्ताहिक, साउन, वि.सं. २०५७) ।

हाम्रो समाज र पश्चिमी समाजको व्यवस्थामा भिन्नता छ । पश्चिमी समाजमा सामाजिक सुरक्षा कोषबाट सरकारले वृद्ध वृद्धाहरूको सबै किसिमको हेरविचार व्यवस्था

मिलाउँछ । सन् १९८९ मा संयुक्त राष्ट्र संघको तत्वावधानमा अष्ट्रियाको राजधानी भियनामा वृद्धसम्बन्धी विश्व सम्मेलन गरिएको थियो । यस सम्मेलनको प्रमुख उद्देश्य वृद्धवृद्धाहरूलाई सामाजिक तथा धार्मिक सुरक्षा  प्रदान गर्नुका साथै विकास प्रक्रियामा भाग लिने अवसर प्रदान गरी त्यसको फलको उपभोगमा सरिक गराउने थियो । त्यसरी नै वृद्धावृद्धाहरूको समस्यालाई लिएर मेक्सिको र फिलिपिन्समा क्रमशः १९८० र १९८२ मा सम्मेलनहरू भएका थिए । जसमा नेपालले पनि भाग लिएको थियो ।

वृद्ध उमेर भनेको यस्तो अवस्था हो । जसलाई एक जना व्यक्ति उसको हेरविचार गर्न बस्नुपर्दछ । वृद्ध उमेरमा काम गर्न सकिंदैन । हेरविचार गर्ने मानिसको फुर्सद हुँदैन । खानपिन रहनसहन मिल्दैन । आफ्नो हातमा सम्पत्ति छैन । सम्पत्ति नभए शक्ति हुँदैन । शक्ति नभएपछि सामाजिक हैसियत रहँदैन । त्यसैले आफ्नो सन्तानबाट अपहेलित भई आश्रममा शरण लिनु पर्दछ । जुन कुराले वृद्धवृद्धाहरूलाई ज्यादै निराश बनाउँछ । तसर्थ सरकारी तथा गैरसरकारी सस्थाहरूले वृद्धवृद्धाहरूको समस्याहरूलाई ध्यान दिनु आवश्यक छ । उनीहरूको स्वतन्त्रता, सुरक्षा र हेरविचार गर्न उनीहरूको सामाजिक र कानुनी सेवामा पहुँच पुऱ्याउनु आवश्यक देखिन्छ ।

हाम्रो समाजमा आफूभन्दा जेष्ठहरूको आदर गर्ने प्रचलन छ । समाजले वृद्धवृद्धालाई सम्मानित हुनुपर्ने व्यक्तिको रूपमा लिने गरेको छ । सभा छलफलको पहिलो थालनी हुँदा सभापति चयन गर्दा सवभन्दा वृद्ध व्यक्तिबाट थालनी हुन्छ । वृद्धहरूले आफ्नो जीवनको लामो अवधि परिवार र समाजको उन्नति तथा विकासको लागि विताएका हुन्छन् । लामो अवधिको यो प्रयासमा वृद्धहरू शारीरिक रूपमा सुस्त हुन पुग्दछन् । समाजको गतिसँग हिंड्न नसक्ने हुन्छन् । सबै मानिस वृद्ध हुनै पर्छ भन्ने भावनाले वृद्धवृद्धालाई उचित माया र ममता हेरचाह गरे वृद्धवृद्धाले रुनु पर्दैन । (रिजाल, वि.सं. २०५५) ।

यो अध्ययन समाजशास्त्रीय धारणाबाट अध्ययन गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य सामाजिक आर्थिक, धार्मिक, स्वास्थ्य तथा वृद्धवृद्धाहरूको परिवारसँगको

सम्बन्ध, परिवारबाट विस्थापित भई वृद्धाश्रम आउन बाध्य गर्ने कारण बुढाबुढीको आश्रमको जीवनी, वृद्धवृद्धाहरूले भोगिरहेको समस्याहरू बारे बुझ्नु हो ।

हाम्रो देश मातृदेवोभवः पितृदेवोभवः संस्कारको धनि श्रद्धेय वावुआमा के कति कारणले गर्दा आफ्ना घर परिवार छाडि आश्रममा वस्न बाध्य भए भन्ने कुरालाई अध्ययनको मुख्य विषय बनाइएको छ ।

## १.२ समस्याको कथन

वृद्ध समस्या एउटा सीमित समाजभित्र मात्र नभएर विश्वव्यापी रूपमा रहेको समस्या हो । यसरी विश्वव्यापी रूपमा रहेको समस्याको खासै राम्रोसँग पहिचान हुन सकेको छैन । आधुनिकीकरणको वर्तमान प्रक्रियाले गाउँ सहरका मानिसहरूको जीवनशैली तथा रहनसहनमा आर्थिक सामाजिक पक्षमा ठूलो परिवर्तन ल्याएको छ । संयुक्त परिवारमा विघटन भई सानो परिवार एक दई सन्तान र बाबुआमा हुन्छन् जहाँ आफ्ना बाबुआमालाई आफुसँग राख्न झन्झट मान्ने प्रवृत्ति पाइन्छ ।

नेपालमा वृद्धवृद्धाहरूको सामाजिक तथा आर्थिक स्थितिलाई केलाएर लेखिएका लेख तथा पुस्तकहरू निकै कम छन् । यस विषयलाई समाजशास्त्री, मानवशास्त्रीले एकदमै कम चाख लिएको पाइन्छ । जनसंख्या विज्ञानले पनि वृद्धवृद्धाहरूको संख्या खुलाउनु बाहेक खासै अध्ययन गरेको पाइँदैन । यद्यपी वृद्धवृद्धाहरू सम्बन्धी समस्यालाई ध्यानमा राखेर विभिन्न वृद्धाश्रम खोल्ने कार्य भने सरकारी तथा गैरसरकारी स्तरबाट धेरै अगाडि देखिनै भएको पाइन्छ १९९९ को विश्व वृद्ध वर्ष दिवस देखि नेपालमा वृद्धवृद्धासम्बन्धी लेख रचना पत्रपत्रिका प्रकशित गर्न थालियो । यसको साथै केही विद्यार्थीहरूले आफ्नो शोधपत्र तयार पारेको र केही विचारगोष्ठी गरेको पाइन्छ ।

पारिवारिक संस्थाको परिवर्तनसँगै वृद्धवृद्धाहरूको परिस्थितिमा पनि विस्तारै ह्रासोन्मुख अवस्थाको सिर्जना हुँदै गरेको वर्तमान परिप्रेक्ष्यमा वृद्धवृद्धाहरूको अवस्था सुधार गर्न हामी आवश्यक मात्रामा सक्रिय हुन सकेका छैनौं । विश्वव्यापि जनसांख्यिकीय परिवर्तनको यस प्रवृत्तिलाई समयमै आत्मसात् गरी सोही अनुरूप मानव संसाधन योजना बनाउन अब अबेर गर्नुहुन्न ।

नेपालमा वृद्धवृद्धाहरूलाई सम्मान गर्ने परम्परा भएतापनि समय अनुकुलको चुनौतीको सामना गर्न आवश्यक अध्ययन अनुसन्धानको अत्यन्त खाचो रहेको छ । त्यसैगरी वृद्धवृद्धा सम्बन्धी जनचेतनाको स्तर पनि न्यून छ । वुढ्याइले हाम्रो समाजमा प्रतिकुल प्रभाव नपार्दै यसतर्फ गहिरिएर सोच्नु अति आवश्यक भएको छ ।

नेपाल सरकारले वृद्धवृद्धाहरूलाई वृद्ध भत्ताको व्यवस्था गरे पनि यसले उनीहरूको दैनिकी गर्जो समेत टार्न नसकेको स्थिति रहेको छ  बुढेसकालमा मानिस आफैं विरामीको घरनै बन्दछ । यस्तो अवस्थामा सरकारले प्रदान गर्ने वृद्धभत्ताले समस्याको समाधान हुँदैन । अझ कतिपय घरमा यही भत्ता पाउने कारणले वृद्धवृद्धाहरूलाई हेर्न छाडेका उदाहरण पनि देखिन्छन् । तसर्थ यी योजनाले वृद्धवृद्धाको दुःखदायी र दयनीय अवस्थामा कुनै उल्लेख्य सुधार ल्याउन सकेको छैन । वृद्धवृद्धाहरू बुढेसकालमा आफ्नो घरपरिवार त्यागेर वृद्धाश्रम जाने क्रम देखिन्छ । वृद्धवृद्धा हाम्रा समाजका जिउँदा इतिहास, अनुभवी, अभिभावक, राष्ट्रका योगदानकर्ता, वर्तमान पुस्ताका मार्गदर्शक हुन् । वृद्धवृद्धाहरू भनेका समयावधि सकिएका औषधि जस्ता नभएर ज्ञान र अनुभवका भण्डार हुन् जसलाई हामीले उपेक्षा गर्ने होइन की संरक्षण र सम्मान गर्नुपर्दछ भन्ने कुराको चेतना जगाउनु पर्दछ । (श्रद्धासुमन, वि.सं. २०५५)

यसरी वृद्धावस्थामा भोग्नुपरेका सामाजिक, आर्थिक, शारीरिक, भौतिक तथा मानसिक समस्याहरूले गर्दा वृद्धवृाहरू असहाय, निरस तथा अनाथ भएका छन् । जसले गर्दा उनीहरू आश्रयको खोजिमा आफ्नो घर, परिवार तथा समाज त्यागी विभिन्न आश्रममा आश्रित हुन पुगेका छन् ।

बुँदागत रूपमा यस अध्ययनबाट निम्न प्रश्नहरूको उत्तर दिने कुराहरू समेट्ने प्रयास गरिएको छ । अर्थात् निम्न बुँदाहरूलाई समस्याको रूपमा लिइएको छ ।

(१) वृद्धवृद्धाहरूको आफ्नो परिवारका सदस्यहरूसँग के कस्तो सम्बन्ध रहेको छ ?

(२) वृद्धवृद्धाहरू किन आश्रममा बस्न बाध्य छन् ?

(३) वृद्धवृद्धाहरूले भोग्नु परेका मुख्य मुख्य समस्याहरू के के हुन् र यसका कारणहरू के के हुन् ?

(४) वृद्धवृद्धाहरूलाई आश्रममा वस्दा पनि कसरी पारिवारिक वातावरण दिन सकिन्छ ?

(५) के कारणले परिवार समाज आफन्तले वृद्धवृद्धाहरूलाई हेला गर्दछन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि विषय अध्ययन गर्नुको पछाडि केही उद्देश्यहरू हुन्छन् । यस अध्ययनमा यो शोधकार्य गर्नुका उद्देश्यहरू छन् जुन दुई भागमा विभाजन गरिएको छ ।

साधारण उद्देश्य
विशिष्ट उद्देश्य

### १.३.१ साधारण उद्देश्य

आश्रित वृद्धवृद्धाहरूको आफ्नो परिवारका सदस्यहरूसँगको सम्बन्धको अध्ययन गर्ने ।

### १.३.२ विशिष्ट उद्देश्य

आश्रममा आश्रित वृद्धवृद्धाहरूको सामाजिक आर्थिक पक्षको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्त्व

लोक कल्याणकारी राज्यको भावनासँगै बदलिँदो सामाजिक परिवेशमा असहाय दीनदुःखीको सेवा गर्नु राज्यको जिम्मेवारी रहँदै आएको छ । आफ्नो जीवनको सक्रिय समय सकिँदै जाने क्रममा विभिन्न परिस्थितिवस वृद्धवृद्धाहरू आफ्नो परिवारमा वस्न नसक्ने वा वस्ने अवसर प्राप्त नगरी विछोडिने अवस्थाहरू सृजना हुने गरेका छन् ।

आधुनिक समाजमा भौतिक सुविधामा वृद्धि तथा स्वास्थ्य स्थितिमा सुधारले घट्दो मृत्युदरबाट मानिसहरू बाँच्ने औषत आयुमा समेत उल्लेख्य वृद्धि भएको छ । आज वृद्धवृद्धाहरूको सम्बन्धमा विश्व जनचासो पनि बढेको पाइन्छ । राज्यले समाजका वृद्धवृद्धाहरूको सामाजिक आर्थिक सुरक्षा उचित स्वास्थ्यको प्रबन्ध सजिलोसँग बाँच्न पाउने अधिकारको प्रत्याभूति राज्यस्तरमा हुनुपर्ने आवाज उठिरहेको परिप्रेक्ष्यमा यस अध्ययनको महत्वलाई निम्न अनुसार देखाउन सकिन्छ ।

- देशका योजनाविद् र राज्यलाई नीतिनिर्माण गर्ने बेलामा यस्ता अध्ययनका सहायताले वृद्धवृद्धाहरूको सम्बनधमा योजना बनाउन यसले सहयोग गर्ने छ ।

- वृद्धाश्रमको पनि आफ्नो कयौं कमिकमजोरी त्रुटी र वृद्धवृद्धाहरूप्रति गर्नुपर्ने आवश्यक कुराहरू पूर्ति गर्नाका लागि यो अनुसन्धान सहायक सिद्ध हुनेछ ।
- देशभित्र वृद्धवृद्धाहरू र तिनीहरूको हितको निम्ति बनेका संघसंस्थालाई अनुसन्धानले सहयोग पुऱ्याउँछ ।
- वृद्धवृद्धाहरूको बारेमा अध्ययन गर्न चाहने जो कोही जिज्ञासुलाई थप जानकारीका लागि यसले सहयोग पुऱ्याउँछ ।

# अध्याय २

## सन्दर्भ साहित्यको पुनरावलोकन

लैङ्गिक दृष्टिकोणबाट हेर्दा वृद्ध महिला र वृद्ध पुरुषको अवस्थामा असमानता देखिन्छ । धार्मिक रूपमा महिलाहरूलाई ७/८ वर्षको उमेरमा धैरै जेठो पुरुषसँग वालविवाह गराउने १०,१२ वर्षको उमेरमा विधवा हुने र जीवन भर पतिको प्रार्थना गरी जीवन विताउनु पर्ने । छोरीको जात अर्काको घरमा जाने पढाउनु हुँदैन भनि पढाउनुभन्दा बालविवाह गराउँदा बाबुआमाको स्वर्गको बास हुन्छ भन्ने धार्मिक मान्यताले अर्दा अर्थात् पितृसत्ता संस्थागत भएको कारण श्रीमतिको मृत्युपश्चात २, ३ वटी सम्म श्रीमती विवाह गर्न पाउने अवस्थाको शुरुवात भएको पाइन्छ र महिलाले आफ्ना सम्पूर्ण रहर र इच्छाहरूलाई दबाएर विरूप रूपमा जीवन व्यतित गर्नुपर्ने हुन्छ । (गौतम, वि.सं. २०५६) ।

सामाजिक र पारिवारिक विभेदका कारुण अधिकांश वृद्ध महिला सम्पूर्ण पक्षमा पछाडि परेको र विदुरहरूले पुनः विवाह गर्न पाउने तर महिलालाई पुनः विवाहका लागि समाजले स्वीकार नगरेको कारण एक्लोपना परनिर्भर हुनुपरेको देखिन्छ । (लुइटेल, २००१)

नेपाली समाजमा वृद्धावस्थामा प्रवेश गरेपछि कुनै तीर्थस्थलको घाटकुरेर परलोक सपार्ने चलन नयाँ होइन । परम्परागत रूपमा नै नेपाली वृद्धवृद्धाहरू आफ्नो महाप्रस्थानको लागि तीर्थस्थल कुर्दै आएका छन् । तर वृद्धाश्रमको कथाबेग्लैछ । वृद्धावस्थामा कतै कुनै सहारा नपाएपछि माया गरेर हुर्काएको छोरा नातीले अपहेलना गरी घरबाट निकालिदिएपछि वृद्धाश्रमको आश्रयमा पुग्दछन् । त्यसो त पाश्चात्य मुलुकमा वृद्धावस्थामा वस्नुलाई निकै प्रतिष्ठाको विषय मानिन्छ । त्यतातिरका मानिसहरू भविष्यमा वृद्धाश्रममा वस्नको लागि उमेर हुँदै जोहो गर्दछन् । काम गर्ने, जाँगर सकिएपछि आफ्ना दौंतरीहरूसँग वृद्धाश्रममा बसेर पेन्सनको भरमा बाँकी जीवन गुजारा गर्दछन् । पश्चिम समाजमा वृद्धाश्रममा वस्नुलाई राम्रो भनिएपनि हामी कहाँ

त्यस्तो छैन । हामीकहाँ वृद्धाश्रमको जीवन भनेको अपेक्षित र अपहेलित जीवन हो (सर्वोत्तम, वि.सं. २०५८ फाल्गुण) ।

सन् १९५१ को राजनीतिक परिवर्तनसँगै सामाजिक आर्थिक प्रक्रियामा भएको परिवर्तनले मानिसहरूको परम्परागत जीवनशैलीमा असर पुऱ्याएको पाइन्छ । यसैगरी औद्योगिकीकरणले आधुनिकीकरणको विकास गर्न मद्दत पुऱ्यायो । जसले गर्दा यातायात सञ्चार सञ्जाल विदेश व्यापार र कृषिमा आधुनिकीकरण कुनाकाप्चासम्म पुगेको शिक्षाको प्रचारले द्रुतगतिमा सबै क्षेत्रमा परिवर्तन हुँदै आयो एकातिर नयाँ पुस्ता धेरै छिटो सिक्ने र परिवर्तन हुँदै जाने पुरानो मूल्यमान्यतालाई छाडि आफ्नो परिवार समाजमा बुढाबुढीलाई आदर सम्मान नगर्नाको कारण मनोवैज्ञानिक चोट पुग्नुको साथै आफूलाई असुरक्षित महसुस गरेको देखिन्छ (शर्मा, २००४) ।

स्मारिका (वि.सं. २०६१) "वृद्धाश्रमका चुनौति र समाधानहरू" वृद्धाश्रमका भौतिक पक्षहरूमा निकै समस्याहरू विद्यमान छन् । आधुनिक सुविधायुक्त भवन नहुँदा साघुरा होचा कोठाहरूले गर्दा सुरक्षा र वृद्धवृद्धाहरूको लागि बसोबास गर्न निकै कठिन भएको छ । छुट्टाछुट्टै भवन नहुँदा सबै किसिमका व्यक्तिहरूलाई एकै ठाउँमा राख्न बाध्य हुनुपरेको छ । वृद्ध अतिवृद्ध, रोगी, मानसिक सन्तुलन गुमाएका, अन्धा तथा अपाङ्गहरू र सवलाङ्गहरूका लागि वस्ने छुट्टाछुट्टै भवनको व्यवस्था वृद्धवृद्धाहरूको लागि स्नान घर र शौचालय सुविधायुक्त छैन । जुन यही अशक्त उमेरमा नै सबै भौतिक सुविधामा ध्यान पुऱ्याउनु पर्ने हो । वृद्धवृद्धाहरूलाई पुरानै परिस्थिति अनुरूप स्नेहमय जीवन यापन गर्न सक्षम बनाउन आज हाम्रो अगाडि उपस्थित सबभन्दा ठूलो समस्या भनेको नै युवा पिढीको वृद्धहरूप्रतिको उपेक्षा भाव हो । यसको स्थायी समाधानमा बालबालिकाहरूलाई सानै देखि वृद्धहरूप्रति सम्मानको भावना जगाउनु पर्दछ । आजका दिनहरूमा हामीले विषवृक्ष रोपेर अमृत फलको कामना गरिरहेको प्रतीत हुन्छ ।

न्युयोर्कबाट प्रकाशित हुने वृद्धावस्था सँग सम्बन्धित पत्रिका The World Ageing Situation 1996 का लेखक Jemes Callesa ले वृद्धावस्थासँग सम्बन्धित

अवस्थालाई गरिबीको अवस्था नामाकरण गरेका छन् । उनका अनुसार वृद्धावस्थासँग सम्बन्धित गरिबी निम्न छन् ।

१. असुरक्षा २. एक्लोपन ३. स्वास्थ्य सम्बन्धी समस्या ४. निरक्षरता ५. परनिर्भरता

वास्तवमा माथि उल्लेख गरिएका ५ वटा समस्यामाथि नेपालको परिप्रेक्ष्यमा आयश्रेत नहुनुको समस्या पनि थप्नुपर्ने देखिन्छ । आफू काम गर्न सक्दाको अवस्थामा वचत गर्न सक्ने प्रकृतिको कमाइ हुने वृद्धको संख्या हामी कहाँ न्यून छ । ठूलो संख्या त आर्थिक दृष्टिले विपन्नकै छ (पराजुली, वि.सं. २०५५) ।

हाम्रो धर्म संस्कृतिले मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव र अतिथिदेवो भव जस्ता सारपूर्ण जिम्मेवारीहरू नयाँ पिढीलाई सुम्पेको छ । हाम्रा अग्रज वृद्धहरूले आदर सत्कार सेवा हाम्रो जिम्मेवारी हो भन्ने हाम्रा पुरातन मान्यताहरूको जगेर्नाको पनि स्पष्ट मार्ग निर्देशन गरेको छ । तर विदेशी संस्कृतिको अतिक्रमण कै फलस्वरूप आज हामीले हाम्रा अग्रज प्रतिको दायित्व भुल्दै गएको महसुस हुन थालेको छ । जागिर व्यवसाय, शहरीकरण महंगी र अन्य विविध कारणले पनि परिवारको सदस्यको बसाइसराइले आज संयुक्त परिवार क्रमशः स-साना परिवारमा विभक्त हुने क्रम पनि तीव्र रूपमा अघि बढिरहेको छ । अर्कोतिर औषधविज्ञानको क्षेत्रमा प्राप्त भएका उपलब्धीका कारण वृद्धहरूको आयु लम्बिएको छ र यसबाट राष्ट्रमा वृद्धहरूको संख्यामा अप्रत्याशित रूपले वृद्ध हुने क्रम पनि जारी छ। उपरोक्त यी सबै कारणले गर्दा आज हाम्रा अग्रज वृद्धहरूले हाम्रो यो समाजमा हाम्रो मूल्यमान्यता अनुरूप जुन किसिमको महत्वपूर्ण सम्मानित जीवन यापन गर्ने वातावरण पाउनु पर्ने थियो त्यो वातावरण धमिलिँदै गएको र युवा पिढी आफ्ना अग्रजमा झ्याम्मीन नचाहने वातावरणको सिर्जना हुँदै गइरहेको छ । यसले गर्दा परिवार, राष्ट्रलाई आफ्नो तर्फबाट दिनुपर्ने योगदान दिइ शारीरिक र मानसिक दृष्टिले थकित भई डाँडामाथिको घामको रूपमा रहेका वृद्धहरू आज उपेक्षित अनि नैराश्यपूर्ण जीवन बाँच्न विवश भएका दृश्यहरू यत्रतत्र देखापर्न थालेका छन् । (पराजुली, वि.सं. २०५५)

विश्वमा वृद्धवृद्धाहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको र सोही अनुपातमा उनीहरूको समस्यामा पनि वृद्धि हुँदै गएको छ । जसले गर्दा यो विषय सबैको चिन्तन र चिन्ताको विषय बनेको छ । वृद्धवृद्धाहरूको जनसंख्यामा वृद्धि हुँदै जानुको पछाडि मुख्यतया दुईवटा कारण छन् । ति हुन् जन्मदर र विकसित स्वस्थोपचार प्रविधि । जनसंख्या विद्हरूको भनाइ अनुसार आगामी २१ औं शताब्दीमा विश्वको जनसंख्याको ठूलो भाग वृद्धहरूले ओगट्ने छन् र आजको २५ वर्ष पछाडि नै वृद्धहरूको संख्या आजको भन्दा दोब्बर हुने अनुमान गरिएको छ । एशिया भू-भागमा सबैभन्दा बढी वृद्धवृद्धाहरूको संख्या भएको देश जापान हो र दक्षिण एशियाली क्षेत्रमा पनि वृद्धवृद्धाहरूको संख्या वृद्ध हुने क्रम जारी रहेको छ । हाल दक्षिण एशियामा सबैभन्दा धेरै वृद्धहरूको संख्या रहेको देश श्रीलंका देखिन्छ । नेपालको जनसंख्याको आँकडालाई दृष्टिगत गर्दा यहाँ पनि वृद्धहरूको संख्यामा वृद्ध हुँदै गएको पाइन्छ । केही वर्ष अघि सम्म कुल जनसंख्यामा ६० वर्ष भन्दा माथि उमेर पुगेकाको प्रतिशत २.२ रहेको थियो भने अव यो संख्यामा वृद्धि भएको आभास पाइएको छ । यसरी विश्वमा नै वृद्धवृद्धाहरूको संख्यामा वृद्ध हुँदै गएको र यति ठूलो जनसंख्याको आफ्नै प्रकारको पीडा र समस्या हुने गरेको कुरालाई दृष्टिगत गरी यसका निराकरणका लागि केकस्ता योजना नीति तथा कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गरिनु पर्ने हो भन्ने सम्बन्धमा विश्व स्तरमा विभिन्न किसिमका चिन्तन मनन गर्ने समय भइसकेको छ (थापा, वि.सं. २०५५) ।

अधिकांश नेपाली वृद्धवृद्धाहरू आर्थिक विपन्नताका कारण पीडित र आर्जन गरेका सम्पत्तिमा छोराबुहारीबीचको सम्पत्तिको लुछाचुँडी र झगडाले दिक्क र भयभित देखिन्छन् । बुढेश कालमा सहारा देलान भन्ने आशमा रहेका वृद्ध अंशवण्डाको बाँडफाँड पश्चात निर्धन, आयविहिन बन्न पुगेको देखिन्छ । नेपालमा विशेष गरी विधवा आमा पीडित छन् । यसबाट के देखिन्छ भने "छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी" सम्पत्ति आफ्नो हातमा भए मात्र मानिसलाई साथ दिने भन्ने स्वार्थी प्रवृत्ति नेपाली उखानले पनि देखाएको छ । (धिताल, १९९९)

विश्वव्यापी रूपमा बढ्दै गएको बसाइ सराइले गाउँको सबै वर्ग जाति जनजाति आदिमा पनि यसको प्रभाव परेकोले गाउँबाट शहर तिर बसाइ सरेको पाइन्छ । यसरी परिवारको काम गर्न सक्ने जवान छोराहरू पैसा कमाउनका लागि घरमा महिला, केटाकेटी र बुढाबुढीको भरमा छोड्ने गर्दा बुढाबुढीलाई आर्थिक भार थपिएको पाइन्छ । देशको पिछडिएको आर्थिक अवस्था, सीमित आर्थिक श्रोत तथा रोजगारको अभावले काम गर्न सक्ने धेरैजसो वृद्धवृद्धाहरू पनि धार्मिक क्रियाकलापमा पनि तनाव र एक्लोपन हटाउने प्रयास गरेको पाइन्छ ।

श्रीमानको मृत्यु भएपछि एक्लो भएको र आफ्ना नाममा सम्पत्ति नभएको परिावारबाट अपहेलित भई वृद्धाश्रम पुग्दछन् । बाबुआमाले गाँस काटेर हुर्काएका छोराबाट यो अपेक्षा राखेका हुँदैनन् । उनीहरूले त भविष्यमा बुढेशकालको सहारा होला भनेर आफ्ना सन्तानलाई दुःख गरेर हुर्काइ बढाइ गरेका बाबुआमार्ला छोरा बुहारीले अपेक्षा, अपमान गरेको पाइन्छ । (गोरखापत्र, वि.सं. २०५९ माघ)

नेपालमा वृद्ध जनसंख्यालाई सबैभन्दा बढी उपेक्षित वर्गको रूपमा देखिन्छ । वृद्धवृद्धाहरू वृद्धाश्रममा बस्न मन पराउँदैनन् । यद्यपी वृद्धाश्रममा सबै आवश्यकता पुरा भएपनि परिवारको आत्मीय भावना नातासम्बन्धी छिमेकीको सम्बन्धी पाउन सकिंदैन तसर्थ परिवार भित्रै बुढाबुढीको जीवन सुखमय, सुरक्षित र दिगो देखिन्छ (सुवेदी, १९९६) ।

वृद्ध तथा अशक्त व्यक्तिहरूको निमित्त रहन बस्नको लागि नेपालका सीमित रूपमा आश्रमको व्यवस्था भएको देखिन्छ । यसलाई पर्याप्त भन्न सकिंदैन । जीवनका महत्वपूर्ण समय परिवार समाज र देशका लागि अर्पण गरी जव वृद्ध तथा अशक्त अवस्थामा पुग्दछन् त्यस अवस्थामा समाज परिवार र देशको पनि उनीहरूप्रति केही दायित्व भने रहन्छ । उनीहरूको लागि देशका विभिन्न क्षेत्र तथा स्थानमा वृद्धाश्रम तथा सेवालय खोली वृद्ध तथा असहायको लागि उचित हेरविचार र सुविधाका विभिन्न साधनको व्यवस्था गरी उचित ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । उनीहरूलाई

मनोरञ्जनका साधन, स्वास्थ्य रहन आवश्यक पर्ने उपकरण स्वास्थ्य परीक्षणको व्यवस्था र उचित पारिवारिक वातावरण समेत प्रदान गरी आश्रमको व्यवस्था गर्नु उचित देखिन्छ। जसबाट वृद्ध र अशक्त व्यक्ति प्रति उचित सम्मान प्रदान पनि हुन्छ र भविष्य सुरक्षित देखि भावी पिढीले देश र समाजको हितको लागि योगदान गर्ने प्रेरणा प्राप्त गर्दछन्। (प्रौढकल्याण संघ नेपाल "विचार पत्र", २०५४)

राज्यले समाजका वृद्धवृद्धाहरूको आर्थिक, सामाजिक सुरक्षा, उचित स्वास्थ्यको प्रबन्ध आदिको निम्ति ठोस कार्यक्रम ल्याउनु जरुरी छ । असहाय, अशक्त वृद्धवृद्धाहरूको संरक्षण गर्न वृद्धाश्रमको प्रबन्ध मात्र यथेष्ट छैन । उनीहरूलाई आरामपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति राज्यस्तरमा हुनु आवश्यक छ । त्यस्तै वृद्धवृद्धाहरूको भलाइका निम्ति स्थापना भएका सामाजिक संघसंस्थाहरूले पनि यसतर्फ ठोस कार्यक्रमहरू सञ्चालन गरेमा मुलुक लोककल्याणकारी दिशामा अग्रसर हुन सक्दछ। (बुढ्यौली आवाज, २००१)

बुढेशकालमा सामाजिक सुरक्षा, आत्म सम्मानमा "गरिबी" सबैभन्दा ठूलो बाधक हो । आफ्नो नाममा सम्पत्ति नहुँदा बुढेसकालमा आफ्ना सन्तानमा बोझको रूपमा बस्नुपर्ने अवस्था छ । आफ्नो नाममा जिउनी नराख्दा अधिकार समपन्न हुँदैन जसले गर्दा सामाजिक प्रतिष्ठामा आँच आइ आफ्नै परिवारबाट अपहलेलित बन्न पुग्दछन्। (कान्तिपुर, वैशाख १, २०५६)

श्रेष्ठ (वि.सं. २०५६) 'पशुपति वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूको एक सामाजिक अध्ययन' नामक आफ्नो शोधपत्रमा वृद्धवृद्धाहरूको सीपविकास तथा आयमूलक कार्यको लागि गर्नैपर्ने प्रयासहरू उल्लेख गर्दै लेख्नुभएको छ सीपविकास तथा आयमूलक कार्य गर्नका लागि स्पष्ट रूपमा नियम सार्वजनिक स्थानमा टाँसिदिनु पर्दछ । वृद्धवृद्धाहरूले इच्छा गरेको शरीरले सक्ने खालका सीप सिकाउने वा एकले जानेका सीप अरूलाई सिकाउने वा सिकाउनेको व्यवस्था गरी आवश्यकता सामाग्री

शुरुमा आश्रमले व्यवस्था गरी दिने र उत्पादित वस्तुहरूको बजारको गरिदिने र यस्तो आयमूलक कार्य गर्नलाई प्रोत्साहन स्वरूप सम्मान पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

वृद्धहरू समाजका आदर्श, परम्पराका वाहक, युवापिंढिका लागि प्रेरणाका श्रोत हुन् । उनीहरूप्रति आदर सम्मान र उनीहरूको सुरक्षाको उचित व्यवस्था गर्न सकेमा मात्र राम्रो परिपाटी बसेको मान्न सकिन्छ । एकचोटी सबैले वृद्धावस्थामा टेक्नैपर्ने तथ्य यो सन्दर्भमा मननीय छ । त्यसैगरी वृद्धहरूको अनुभव र आदर्शलाई भावि पुस्तामा सारेर मात्रै आदर्श समाजको निर्माण गर्न सकिन्छ । (कलौनी, वि.सं. २०५५)

रेग्मीले (१९९३) नेपालका वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा उल्लेख गर्नु भएको छ । नेपाली सामाजिक मूल्य मान्यता, धार्मिक संस्कारमा वृद्धवृद्धाहरूलाई आदर सम्मान गर्न समाजबाट नै संरचित संस्कार छ । उहाँले आधुनिकीकरणसँगै पश्चिमी जीवनशैली नेपाली समाजमा भित्रिनाले वृद्धवृद्धाहरूलाई सम्मान गर्ने माया गर्ने परम्परामा समेत नराम्रो प्रभाव परेकोले वृद्धवृद्धाहरूलाई आदर गर्ने संस्कार कमजोर हुँदै गएको उल्लेख गर्नु भएको छ ।

नेपालमा वृद्ध जनसंख्यालाई सबैभन्दा बढी उपेक्षित वर्गको रूपमा हेरिन्छ । वृद्धवृद्धाहरू वृद्धाश्रममा बस्न मन पराउँदैनन्, यद्यपि वृद्धाश्रममा सबै आवश्यकता पुरा भएतापनि परिवारको आत्मिय भावना नातासम्बन्धी छिमेकीको सम्बन्ध पाउन सकिंदैन । तसर्थ परिवारभित्रै बुढाबुढीको जीवन सुखमय हुने देखिन्छ (NEPAN, 2001)

ज्येष्ठ नागरिकहरू प्राकृतिक रूपमै दिनप्रतिदिन कमजोर हुँदै जान्छन् । लट्ठीको सहारा लिइ हिंड्नुपर्ने, जेष्ठ नागरिकहरूप्रति सामाजिक दृष्टिकोण पनि राम्रो र सहज हुँदैन । वृद्धहरू काम गर्न असक्षम हुन्छन् । उनीहरू आफूपनि काम गर्न सक्दैनन, काम गर्न सक्ने व्यक्तिहरूपनि उनिहरूकै स्याहार सुसारमा व्यस्त रहनुपर्ने भएको हुँदा उनीहरू विकासका बाधक तथा समाजका भार हुन भन्ने जस्ता धारणा विद्यमान रहेको समाजमा वृद्धहरूप्रति नकारात्मक भावना रहेको पाइन्छ । अझ एकात्मक ढाँचाको परिवारको बाहुल्यता भएको ठाउँमा त वृद्धवृद्धाहरूको हुर्मत नै

देखिन्छ । परिवारका सदस्यहरूको उनीहरूप्रति कुनै दायित्व नै नरहेको महसुस गरी जिन्दगीप्रति नै वितृष्णा जागेर लठिठको सहारा लिइ नुनिला आँशुहरू पिउँदै जिउन विवश हुन्छन् । व्यक्तिहरू जति जति वृद्ध हुँदै जान्छन् त्यति त्यति ऊ परिवारका लागि भार हुँदै गएको तथा घृणको पात्र बन्दै गएका हुन्छन् । (दाहाल, वि.सं. २०५५)

वास्तवमा वृद्धवृद्धाहरू जुनसुकै समुदाय संस्कारका भएपनि आदर, मायाका पात्र हुन, उनीहरू आदर योग्य छन् । उनीहरूका जीवन भरिका अनुभवबाट नै आजको पुस्ता अझ गतिशिल रूपमा अगाडि बढ्न सक्छन् । यही तथ्यलाई हृदयंगम गरी समाजको सदस्य हुन साँचो अर्थमा मानिस कहलाउन पनि वृद्धवृद्धाहरूको माया, आदर र सेवा गर्नुपर्दछ । हिन्दु शास्त्रका भनाइमा पनि हाम्रो मावन जीवन जन्मेदेखि देवऋण, पितृऋण, ऋषिऋणबाट मुक्त छैन । तसर्थ वृद्धहरूको सेवा नै पितृऋणबाट मुक्ति पाउने मूल आधार हो । अर्थात् छोराछोरीले आमाबाबुको पालन पोषण गरेबाट नै यस ऋणबाट मुक्ति मिल्ने छ । यसर्थ सबै वृद्धवृद्धाको सम्मान गरौं । (श्रद्धासुमन, वि.सं. २०५५)

हाम्रो जस्तो समाज जहाँ आफ्नो पुर्खालाई आदरका दृष्टिले हेरिने गरिन्थ्यो त्यहाँ छटपटिएका ति शब्दहरूले निश्चय पनि घोच्दछन् । सबै परिवारमा यस्तो नहोला तर घर घरमा यस्तो भेटिन्छ । वास्तवमा वृद्धवृद्धाहरू समाजका महत्वपूर्ण अंगहरू हुन उनीहरूका अनुभव समाजको विकासको लागि अपरिहार्य छ । तर यस सत्यताबाट आजको पुस्ता प्रायशः अपरिचित नै देखिन्छ विकसित मुलुकमा त झन् वृद्धाश्रम खोली त्यहाँ वृद्धवृद्धाहरू राख्न पाए उनीहरू प्रतिको कर्तव्य नै सकिएको झैं महशुस गरिन्छ । यही प्रभाव नेपाली समाजमा पर्न गई वृद्धवृद्धालाई वास्तविक माया ममता दिनुको साटो केवल कर्तव्य मात्रै पुरा गर्ने तर्फ आजको पुस्ता लागेको देखिन्छ । (श्रेष्ठ, वि.सं. २०५५)

हामी वृद्ध हौं हाम्रो नेत्रले भगवान खोज्दछ, हाम्रो मनले माया, सद्भाव, पुजापाठ रोज्दछ । हाम्रो हातले सत्य कुरा लेख्दछ । हाम्रो खुट्टा सतसंगमा दौडन्छ । यी

सबै कार्य आजका युवा युवतीको भावना र चाहनासँग मेल खाँदैन । साधारण टेलिभिजन हेर्दासम्म पनि राय बाझ्ने गर्दछ । हामी भजन सुन्दछौं, यिनीहरू पपसंगीत रुचाउँछन् । (गोरखापत्र, वि.सं. २०४६ पौष)

श्रेष्ठ (२०५६) ले "पशुपति वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूको एक सामाजिक अध्ययन" नामक आफ्नो एम.ए. को शोधपत्रमा पशुपतिका वृद्धहरूको जीवनयापनको बारेमा विशेष महत्वका साथ अध्ययन गर्नुभएको छ । सो अध्ययनको निष्कर्षको रूपमा वृद्धवृद्धाको जीवनको उत्तरार्द्धमा अपहेलित तथा एक्लोपनामा बाँच्न परेको कुरालाई औंल्याउनु भएको छ ।

भट्टराई (वि.सं. २०४१) ले "वृद्ध आश्रमका वृद्धवृद्धाहरू" शीर्षकको आफ्नो एम.ए. शोधग्रन्थमा किन र कस्ता आर्थिक, सामाजिक अवस्थाका वृद्धवृद्धाहरू वृद्धाश्रममा आउँछन् र उनीहरूको अवस्थालाई कति र कसरी सुधार ल्याउन सकिन्छ भन्ने कुरामा केन्द्रित भएर अनुसन्धान गरेका छन् । वृद्धाश्रममा बस्न आउनेहरूको आर्थिक भन्दा सामाजिक परिवेशले बढी असर गरेको देखाएका छन् । समाज, घरपरिवारबाट तिरस्कार, शारीरिक अशक्तता, एक्लो भएर आश्रममा आश्रित हुन पुग्ने कुरालाई औंल्याएका छन् । सरकारी नीति र कार्यान्वयन पक्ष फितलो भएका कारण आश्रम भित्रका वृद्धवृद्धाहरूको खानपान, औषधी उपचार तथा आवासको पर्याप्तता नरहेको कुरा उनको अनुसन्धानको निष्कर्ष हो ।

गौतम (वि.सं. २०५६) "Social Gerentology" मा तनहुँ जिल्लाको देवघाटमा बसोबास गर्ने वृद्धवृद्धाहरूको बारेमा अध्ययन गरेका छन् । वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक, धार्मिक अवस्था तथा वृद्धवृद्धाहरूको र परिवारको सम्बन्धको बारेमा केन्द्रीत रहेर उक्त शोध गरेका छन् । वृद्धवृद्धाहरूको हातमा खर्च गर्ने रकम नहुने, उनीहरूलाई नयाँ पुस्ताले हेयको दृष्टिकोणले हेर्ने तथा आफ्नै सन्तानहरूको प्रताडना आदिबाट वृद्धवृद्धाहरू वृद्धाश्रम प्रवेश गरेको कुरा निष्कर्षको रूपमा निकालेका छन् ।

आचार्य (वि.सं. २००१) आफ्नो भनाई यस प्रकारले प्रकट गर्नु भएको छ "आमाबाबुको जीवनकालमा नै अंशवण्डा गर्न बाध्य पार्ने कानुनी अवस्था परिवर्तन हुनुपर्दछ । आमाबाबुको सम्पत्ति प्रति कुदृष्टि राख्ने र विभिन्न तरिकाले आफ्नो हातमा आमाबाबुलाई परिवारबाट विस्थापित गर्ने कुसंस्कारलाई समाप्त गर्ने प्राथमिक तहदेखि नै मनोवैज्ञानिक तथा नैतिक शिक्षाको अनिवार्य व्यवस्था गर्नुपर्दछ र घरायसी वातावरण पनि वृद्धवृद्धाहरूको लागि सम्मानयुक्त बनाउन सोही अनुसारको शिक्षाको प्रचार प्रसार गर्नुपर्छ ।"

उप्रेति (वि.सं. २०५४) ले "सितापाइला गा.वि.स.का वृद्ध महिलाहरू" सम्बन्धी आफ्नो शोधपत्रमा उनले वृद्धाहरूको परिवारको सम्बन्ध, उनीहरूको सामाजिक, आर्थिक, धार्मिक तथा मनोवैज्ञानिक विचारहरूसँग सम्बन्धित विभिन्न समस्याहरू पत्ता लगाई सोको समाधान के हुन सक्दछ भन्ने कुरामा केन्द्रित रहेको छ । धेरै जसो वृद्धाहरूले परिवारबाट राम्रो सहयोग नपाएको, परिवारले बहिस्कार गरेको आर्थिक अवस्था राम्रो नभएको, परिवारबाट अपहेलित भएको, मानसिक समस्याले पिरोलेको र कानुनमा पनि वृद्धाहरूको लागि संरक्षणको स्पष्ट व्यवस्था नगरेको कारणले वृद्धाहरूको दयनीय अवस्था रहेको ठहर गरिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रका छनोट र यसको औचित्य

यो अध्ययन क्षेत्र नेपालको पूर्वी पहाडको धनकुटा जिल्ला अन्तर्गत बेलाहारा गा.वि.स. को मूलघाट भन्ने स्थानमा रहेको छ । यहाँ विश्रामेश्वर महादेवको मन्दिर लगायत पञ्चदेवताका मन्दिरहरू छन् ।

देशका ज्येष्ठ नागरिकको रूपमा रहेका यी वृद्धवृद्धाहरू पारिवारिक प्रेम, माया, ममता तथा सुखबाट वञ्चित भई यस आश्रममा कसरी र के कारणले आश्रित हुन पुगे र यिनीहरू आश्रममा कसरी जीवन बिताइरहेका छन्, यिनीहरूका कस्ता कस्ता समस्याहरू छन् र यी समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ र यो अध्ययनकर्ताको रुची र पूर्व जानकारीको क्षेत्र भएको र यस क्षेत्रको सम्बन्धमा बाहिर त्यति खोज र अध्ययन नभएकाले पनि हो । किनकि विशेष चाडपर्व र कुनै विशेष कार्यबाहेक मानिसहरू त्यहाँ पुगिहाल्दैन ।

यातायातको सुविधा भएर पनि भौगोलिक रूपले त्यो ठाउँ अलि टाढा भएको कारण त्यहाँका वृद्धवृद्धाहरूका बारेमा कमैलाई जानकारी भएकाले तिनीहरूका के कस्ता समस्याहरू छन् कसरी गुजारा गरिरहेका छन् त्यसको वास्तविकता पत्ता लगाउन यस अध्ययनले अवस्य सहयोग गर्नेछ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ । जसमा वृद्धवृद्धाहरूको पारिवारिक, सामाजिक र आर्थिक अवस्था, अन्वेषण गरी व्याख्या र विश्लेषण गरिएको छ । आश्रम व्यवस्थापन, आश्रम जीवनप्रति आश्रितहरूको धारणा आदिको बारेमा तथ्याङ्क सङ्कलन गरी तिनको वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

जुनसुकै अध्ययनमा पनि त्यसको सत्य तथा प्रमाणिकरण गर्नको लागि तथ्याङ्कको आधारमा सो अध्ययनको विश्वसनियता रहन्छ । त्यसैले यो अनुसन्धानमा पनि दुई प्रकारका तथ्याङ्क स्रोतबाट संकलित तथ्याङ्कलाई आधार बनाइएको छ ।

(१) प्राथमिक स्रोत
(२) द्वितीय स्रोत

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनमा अध्ययनकर्ता आफैं सम्बन्धित क्षेत्रमा गई तथ्याङ्क सङ्कलनको सामाग्रीको रूपमा प्रश्नावली निर्माण गरी आश्रमका वृद्धवृद्धा, कर्मचारी, संस्थाका सञ्चालक समितिका पदाधिकारीहरू सँग प्रत्यक्ष अन्तर्वार्ता गरी तथ्याङ्क सङ्कलन गरिएको ।

### ३.३.२ द्वितीय स्रोत

अनुसन्धानकर्ताले अनुसन्धानलाई पुष्टि गर्नको लागि सो अनुसन्धानसँग सम्बन्धित तथ्याङ्कहरू विभिन्न सरकारी, गैरसरकारी तथा अन्य अनुसन्धानकर्ताले प्रकाशित गरेको तथ्याङ्कहरूबाट साभार गरिएका छन् । यस अध्ययनको लागि द्वितीय स्रोतबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ जसमा विभिन्न प्रकाशित, अप्रकाशित लेख, पुस्तकहरू स्मारिका सरकारी, गैरसरकारी संस्था, पत्रपत्रिका, रेडियो, टेलिभिजन, केन्द्रिय तथ्यांक विभाग आदि छन् ।

## ३.४ तथ्याङ्क सङ्कलन विधिहरू

वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूको अध्ययनबाट आश्रितहरूको सामाजिक, आर्थिक, स्वास्थ्य स्थिति, आश्रम व्यवस्थापन र आश्रम जीवन प्रति आश्रितहरूको धारणाको जानकारी हासिल गर्ने क्रममा निम्न अनुसारका तथ्याङ्क संकलनका विधिहरू अपनाइएको छ ।

**३.४.१ प्रश्नावली :** वन्द र खुला प्रश्नावली तयार पारी आश्रममा रहेका ३० जना वृद्धवृद्धाहरूलाई प्रत्येकसँग प्रश्न सोधियो ।

**३.४.२ अवलोकन :** प्रत्यक्ष अवलोकन पद्धति अन्तर्गत आश्रमको व्यवस्था, उनीहरूको दैनिकी, आश्रितहरूको विहानदेखि बेलुकासम्म दिनभरीको विभिन्न क्रियाकलापहरूको अवलोकन गरियो । जस्तैः उनीहरू कति वजे उठ्छन्, चियानास्ता कतिवेला खान्छन्, खाना कुन समयमा खान्छन्, दिनभरी केके कार्य गरेर बिताउँछन्, कतिबेला सुत्छन् आदि ।

**३.४.३ अन्तर्वार्ता :** अन्तर्वार्ताको माध्यमबाट उनीहरूको विगत र वर्तमान अवस्थाको बारेमा जानकारी लिइएको छ । समाजमा आइरहेको परिवर्तनका कारण वृद्धवृद्धाहरूमा गरिने व्यवहारहरूमा किन परिवर्तन आइरहेको हो सो बारेमा अन्तर्वार्ता गरि तथ्याङ्क सङ्कलन गरिएको छ । आश्रममा भएका सबै वृद्धवृद्धाहरू बाहेक व्यवस्थापन समितिका सदस्य र कर्मचारीहरूसँग पनि सामुहिक अन्तर्वार्ता गरिएको छ ।

**३.४.४ वैयक्तिक अध्ययन :** वैयक्तिक अध्ययन पद्धतिबाट यस अध्ययनलाई पूर्ण र यथार्थ मुखी बनाउन आश्रममा रहेका २ वृद्ध र १ वृद्धाको वैयक्तिक अध्ययन तयार पारिएको छ उनीहरूकै भनाइमा । वैयक्तिक अध्ययन उच्चवर्गीय परिवार र सन्तान भएपनि श्रीमतीद्वारा अपहेलित भएका स्पष्ट उत्तर दिन सक्ने पुरुष १ जना, मध्यमवर्गीय परिवारका सन्तान विहिन भएका र आफन्तको आश्रम नपाएका पुरुष १ जना, मध्यमवर्गीय परिवारको वालविवाह भई श्रीमानले अर्की श्रीमती ल्याएपछि अपहेलित भएकी निसन्तान भएर अन्यतिर आश्रय नपाएकी महिला १ जनाको वैयक्तिक अध्ययन गरिएको छ । वैयक्तिक अध्ययनको बारेमा आश्रमका व्यवस्थापकसँग पनि अन्तर्वार्ता लिएको छ ।

**३.४.५ जनगणना विधि :** यसको समग्रता अध्ययन भनेको आश्रम हो । आश्रममा आश्रित १६ वृद्धाहरू र १४ वृद्धहरू ति सबैको जनगणना विधिबाट अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण

प्रश्नावली, सहभागी अवलोकन, वैयक्तिक अध्ययन, अन्तर्वार्ता आदिका माध्यमबाट प्राप्त जानकारीहरूलाई तालिका बनाइ विभिन्न विषयको तथ्याङ्क आवश्यकता अनुसार अन्वेषण गरि तदनुरूप विचारहरू तयार गरिएको छ । अध्ययन क्षेत्रविश्रान्ति वृद्धाश्रम, प्रथम, द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कलाई सङ्कलन गरी विभिन्न विषयको तथ्याङ्कलाई वर्णनात्मक रूपमा तयार गरी तालिका प्रतिशत बनाइ तयार पारिएको छ ।

## ३.६ अध्ययनको सीमा

- नेपाल भरीका सबै वृद्धाश्रमको अध्ययन गर्न सम्भव भएन ।
- वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययनसँग मात्र सम्बन्धित छ ।
- यो अध्ययनमा विश्रान्ति वृद्धाश्रममा भएका वृद्धवृद्धाहरू बाहेक अरू अनाथहरूको अध्ययन गरिएको छैन ।
- यो अध्ययनले नेपालभरीका सबै वृद्धाश्रमहरूको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।
- वैयक्तिक अध्ययनका क्रममा पुरुष वृद्धहरूको तुलनामा महिला वृद्धाहरूले सोधेको कुरा भन्नलाई अप्ठ्यारो माने । किनभने उनीहरू आफ्नो विगत सम्झन चाहँदैन थिए । अर्को कुरा आफन्तहरू पछि थाहा पाउने डरले अन्तर्वार्ता दिन अप्ठ्यारो माने । महिलाहरू स्वभावैले अलि हिच्किचाउने पनि हुन्छन् ।
- शोधकर्ताले पछि आफन्तलाई नभन्ने र यो अन्तर्वार्ता गोप्य राखिदिने उनीहरूको नाम नखुल्ने कुरा बताएपछि मात्र अन्तर्वार्ता दिन तयार भए ।

# अध्याय ४

# विश्रान्ति आश्रमको विवरण तथा आश्रमको आन्तरिक व्यवस्थापन

## ४.१ विश्रान्ति वृद्धाश्रमको संक्षिप्त विवरण

पूर्वाञ्चलको पूर्वी पहाडि क्षेत्रमा पर्ने धनकुटा जिल्ला जोसँग मोरङ्ग, सुनसरी, उदयपुर, भोजपुर, संखुवासभा, तेह्रथुम, पाँचथर जिलासँग सिमाना जोडिएको छ । यसै धनकुटा जिल्लाको बेलाहारा गा.वि.स.को मूलघाट भन्ने स्थानमा पर्दछ विश्रान्ति वृद्धाश्रम । २०४० सालमा स्थापना भएको विश्रान्ति मन्दिर तमोर नदिको किनारमा अवस्थित छ । मृत्युपछि दाहसंस्कार दाउरा र सजिलो ठाउँको खोजी गर्दा मूलघाट भन्ने ठाउँ उपयुक्त ठानी मूर्ति स्थापना गरेपछि मन्दिर बनाउन २०४२ सालमा सप्ताहा पुराण लगाइएको थियो । त्यसबाट उठेको रकम र दाताहरूबाट आएको नगद र जिन्सी समानहरूले मन्दिरको स्थापना र एउटा सानो भवन निर्माण भयो । २०४५ सालदेखि यसै भवनमा ५ जना वृद्धवृद्धाहरूलाई आश्रय दिएपछि यो विश्रान्ति वृद्धाश्रममा परिणत भयो । यो आश्रम ४२ रोपनी जग्गामा अवस्थित छ । यहाँ अहिले वृद्धवृद्धा, अनाथ र कर्मचारी गरेर ४५ जना छन् । नेपालका करीव १८ वटा जिल्ला र भारतको कोलकताबाट आएका ५८ देखि ९४ वर्षसम्मका वृद्धवृद्धाहरू छन् यस आश्रममा । जसको आआफ्नो कथा व्यथा, वास्तविकता र यथार्थता अनि कारुणिकताको भावनात्मक एकता पाइने एउटै थलोको रूपमा रहेको छ ।

## ४.२ विश्रान्ति वृद्धाश्रमको व्यवस्थापन

वि.सं. २०६९ श्रावणसम्ममा यस वृद्धाश्रममा ५८ वर्षदेखि ९४ वर्षसम्मका ३० जना वृद्धवृद्धाहरू छन् । ९ जना कर्मचारी र बाँकी छ जना अनाथ र पुजारी छन् । यो आश्रममा विभिन्न गैरसरकारी संस्था स्वदेशी तथा केही विदेशी दाताहरबाट सञ्चालनमा छ । विभिन्न संघसंस्थाहरूले पनि सहयोग गरेका छन् । नेपाल सरकारले पनि केही मात्रामा सहयोग गरेको छ । यस बाहेक आश्रमको सञ्चालनको लागि वेलको सर्वतको उद्योगा पनि सञ्चालनमा छ । जुन सर्वत नेपालमा मात्र विक्री हुन्छ ।

आश्रमदेखि दक्षिण तर्फ करेसाबारी छ जहाँ तरकारी उत्पादन गरिन्छ । करेसाबारीमा सक्ने वृद्धवृद्धाहरू काम गर्दछन् र तरकारी फलाउँछन् । अक्षय कोष, मुठिदान आदिबाट पनिअर्थ सङ्कलन हुन्छ । फलफूलको बगैंचा पनि ठूलै छ । त्यहाँबाट पनि वार्षिक रूपमा आम्दानी हुन्छ ।

यस आश्रममा समय समयमा विभिन्न दाताहरूले वृद्धवृद्धाहरूलाई खानेकुराहरू, ओढ्ने लुगाफाटो दिइरहन्छन् । दाताहरूले खानेकुरा आदि बाँड्ने बेलामा र खाना चियानास्ता खाने बेलामा घण्टि बजाएर वृद्धवृद्धाहरूलाई भेला पार्ने गरिन्छ । विहान चिया खाएपछि सक्ने वृद्धवृद्धाहरूलाई भेला पार्ने गरिन्छ । विहान चिया खाएपछि सक्ने वृद्धवृद्धाहरू आफूले सक्ने काम जस्तै कोही भान्सामा भान्सेलाई सघाउँछन्, कोही घाँस काट्न जान्छन् कोही गाइको गाइवस्तुको स्याहारतिर लाग्छन् । ८ बजे सबै भेला भएर भजनकीर्तन गर्दछन् । ९ बजे खाना खाने बेला हुन्छ ।

विहान ७ बजे चिया ९ बजे खाना दिउँसो २ बजे चिया नास्ता र बेलुकी ५ बजे खाना खुवाउने व्यवस्था छ । यहाँ औषधी उपचारको व्यवस्था एकदमै साधारण छ । यहाँ कोही पनि डक्टर वा अन्य स्वास्थ्यकर्मी देखिएन । कृष्ण गोपाल श्रेष्ठ भन्ने दाताले वर्षमा २५ क्वीन्टल चामल दिन्छन् । NIC बैंकले चीनि, च्यूरा तेल सावुन दिन्छ तर वृद्धवृद्धाहरूलाई पर्याप्त मात्रामा नपुगेर आफैं किनेर ल्याएको र त्यहाँ आउने सँग किनिमागेको देखियो ।

आश्रमभित्र वृद्धवृद्धाको मृत्यु भएमा र आफन्त कोही नभएमा आश्रम व्यवस्थापनले अन्त्येष्टि गरिदिन्छ । वृद्धवृद्धाहरू मनोरञ्जनको लागि भजनकीर्तन गर्दछन् । आफैसँग भएको रेडियो सुन्ने गर्दछ । टेलिभिजन बिग्रिएको धेरै समय भएको र त्यसको अर्को व्यवस्था भएको देखिएन ।

## ४.३ वृद्धाश्रमको भौतिक स्थिति

यो आश्रम विश्रान्ति मन्दिरको उत्तर पशिचमदिशातिर अवस्थित छ । दुइवटा भवनमा वृद्धवृद्धाहरू बस्छन् । उक्त भवनहरू पक्काको छाना भएका छन् । करीव २४ वर्ष पुरानो भवनको पूर्वपट्टि पाकघर छ । उत्तर पूर्वपट्टि ४ वटा शौचालय छन् । केही वृद्धवृद्धाहरू जो अलि बढि असक्त छन् उनीहरू दक्षिण पट्टि एकतले र दुईतले भवनको तल्लो तलामा बस्दछन् । त्यही छेउमा ३ वटा शौचालय छ । कोठाहरू ठिकै छन् । स्नान घर छैन । वृद्धवृद्धाहरू बाहिर नै नुहाउँछन् र सक्ने वृद्धवृद्धाहरू तमोर नदीमा नुहाउन जान्छन् । जम्मा ४ वटा धारा छन् । धारामा पर्याप्त पानी आउँदैन । शौचालय एकदमै अप्ठ्यारो छ । भवन भन्दा शौचालय टाढा भएकोले वृद्धवृद्धाहरूलाई राती र पानी झरीको मौसममा कष्ट भएको देखियो ।

## ४.४ वृद्धाश्रमको दैनिक जीवन

आश्रममा वृद्धवृद्धाहरू आआफ्नो स्वास्थ्य अवस्था अनुसार ४, ५, ६ बजे भित्र उठी सक्नेले नुवाइ धुवाई गरी आफ्नो नित्यकर्म सकेर ७ बजे भित्र चिया पिउने गर्दछन् । चिया पिइसकेपछि कोही गाइवस्तुलाई घाँस काट्न जाने, कोही गाइवस्तुको काम गर्ने, कोही भान्सामा भान्सेलाई सघाउने, कोही मन्दिरतिर जाने सरसफाइ गर्ने गर्दछन् र अशक्तहरू कोठामै बस्ने गर्दछ्न । ८ बजे सबै भेला भइसकेपछि ९ बजेसम्म भजन कीर्तन गर्दछन् । ९ बजे खाना खाने काम सकिएपछि कोही गफगाफ गरेर बस्छन् । कोही आराम गर्दछन्, कोही रेडियो सुन्ने, कोही भेला भएर बत्ती कात्ने काम गर्दछन् । दिउँसो २ बजे चिया खाजा खाइसकेपछि कोही भान्सामा सघाउँछन् कोही गाइको धन्दामा लाग्दछन् । सक्ने वृद्धवृद्धाहरू दिउँसोको समयमा करेसाबारीमा काम पनि गर्दछन् । बेलुका ५ बजेखान खान्छन् । भान्सामा आउन नसक्ने १ जना र आँखा नदेख्ने १ जनालाई सक्नेले खाना कोठामा पुऱ्याइदिन्छन् । बेलुका कोही पनि भेला भएर भजन कीर्तन गर्ने गफगाफ गर्ने गर्दैनन् ७ बजे सम्ममा सबै आश्रितहरू सुतिसक्छन् ।

## तालिका नं. १

## वृद्धाश्रमको दैनिक जीवन

| क.सं. | कामको वर्गीकरण | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| १ | घाँस काट्न जाने | ४ | ० | १३.३३ |
| २ | गाइगोठमा काम गर्ने | २ | २ | १३.३३ |
| ३ | सरसफाई गर्ने | ५ | ० | १६.६७ |
| ४ | करेसाबारीमा काम गर्ने | २ | ५ | २३.३४ |
| ५ | भान्सामा सघाउने | ५ | | १६.६७ |
| ६ | केही नगर्ने (अशक्त) | २ | ३ | १६.६७ |
| जम्मा | | २० | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस आश्रममा वस्ने शक्त वृद्धवृद्धाहरू सबै आफ्नो क्षमताअनुसार आश्रमको काम गर्दछन् । १३.३३ प्रतिशत महिला वृद्धाहरू गाइवस्तुलाई घाँस काट्छन् भने ६.६६ प्रतिशत पुरुष र ६.६६ प्रतिशत महिलाहरू गाइगोठमा काम गर्दछन् । आश्रम र मन्दिर वरीपरि १६.६७ प्रतिशत महिला वृद्धाहरू सरसफाइ गर्दछन् । ६.६६ प्रतिशत पुरुष वृद्ध र १६.६६ पुरुष वृद्धहरू करेसाबारीमा काम गर्दछन् १६.६७ महिला वृद्धाहरू भान्सामा सघाउने गर्दछन् । ६.६६ प्रतिशत महिलावृद्धा र १० प्रतिशत पुरुष वृद्धाहरू अशक्त छन् । केही पनि काम गर्न सक्दैनन् । आफ्नो आफ्नो काम सकेपछि वृद्धवृद्धाहरू दिउँसो कोही वत्ती कात्छन् कोही डुल्न निस्कन्छन् र कोही आराम गरेर बस्छन् ।

### ४.५ वृद्धाश्रममा भोजनको व्यवस्था

वृद्धवृद्धाहरूलाई विहान ७ बजे चिया, ९ बजे खाना, खानामा दालभात तरकारी, अचार छ भने मोही दिने गरेको देखियो । दिउँसो २ बजे चिया खाजा, खाजामा कहिले च्यूरा, कहिले विस्कुट र बेलुका ५ बजे खाना । आश्रम मन्दिरको परिसर भित्र भएको

माछामासुको व्यवस्था छैन । चाडपर्वहरूमा कहिलेकाही दाताहरूले पनि खुवाउने गर्दछन् । कोही कोही चाडपर्व बाहेक जुनसुकै समयमा पनि आएर खुवाउने गर्दछन् । ४५ जनाको खाना एउटैभाँडामा पकाउँदा कहिले गिलो कहिले सारो कहिले काँचो, दाल पातलो, बाक्लो त हुन्छ भनि चित्त बुझाएको पाइयो । तर खानामा तरकारी फेर्नुपर्ने, दाल अलि बाक्लो हुनुपर्ने, अचार हुनुपर्ने (विहान बेलुकै) भन्ने गुनासो पाइयो । चियामा भन्दा बाहेक दुध दिएको पाइएन । आश्रममा बनाएको खाना भन्दा दाताहरूले खुवाएको खाना बढि स्वादिलो रुचिकर हुन्छ भन्ने पाइयो ।

**तालिका नं. २**

**वृद्धाश्रममा भोजनको व्यवस्था**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाना ठिकै छ | १८ | ६० |
| २ | स्वाद फेरिरहनु पर्ने | ५ | १६.६६ |
| ३ | केही पनि भन्न नचाहने | ७ | २३.३४ |
| | जम्मा | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यसमा खाना ठिकै छ । आफ्ना कोही नभएकाले अरूले मेहनत गरेर दिएको खानालाई ठिकै भन्नुपर्दछ भन्ने आश्रितहरू ६० प्रतिशत छन् भने खानाको स्वाद फेरिहनु पर्दछ । विशेषगरी तरकारी फेरिरहनु पर्छ भन्नेहरू १६.६६ प्रतिशत पाइयो । आश्रमको खानाबारे केही पनि विचार व्यक्त नगर्नेहरू २३.३४ प्रतिशत थिए ।

## ४.६ वृद्धवृद्धाहरूको एक आपसको सम्बन्ध

हरेक मानव स्वभाव एकआपसामा दुःखसुखका अनुभूतिहरू बाँड्ने र एक अर्कोलाई परिआएका अवस्थामा सरसल्लाह र सहयोग गर्ने भएकोले बालकदेखि वृद्धसम्म हरेकका आफ्ना संगी साथीहरू पुग्छन् ।

यस आश्रममा विभिन्न ठाउँबाट वृद्धवृद्धाहरू आएर बसेकोले आपसमा उनीहरूमा कस्तो सम्बन्ध रहेछ भनेर अध्ययन गरिरयो । वृद्धवृद्धाहरू एक आपसमा विरामी हुँदा डोऱ्याएर दिशा पिशाव गर्न लाने, खाना चिया नास्ता कोठामा ल्याएर खुवाइदिने, औषधी दिनेजस्ता प्रवृत्ति देखियो । सबै आफू जस्तै बेसाहारा भएकोले एकआपसमा राम्रो मेलपिलाप भएको पाइयो । तर एकदुई जना भने विशेष गरी वृद्धाहरू एक आपसमा चुक्ली लगाउने, झगडा गर्ने, कर्मचारीलाई पोल लगाउने गरेको पनि देखियो । तर समग्रमा आश्रममा आश्रित वृद्धवृद्धाहरू एक आपसमा एक अर्काको सहारा बनेर रहेको पाइयो ।

## ४.७ वृद्धवृद्धाहरूले आश्रय पाउने आधार

यो आश्रम विशेषगरी अनाथ, अशक्त र निर्धन वृद्धवृद्धाहरूको लागि खोलिएको हो । यस आश्रममा आश्रय पाउने आधार पहिले त खासै त्यस्तो थिएन । तर अहिले आएर सक्ने आश्रितले केही रकम दिएर बस्छन् । कसैले ३५०००।- सम्म दिएर बसेको पनि देखियो । वृद्धवृद्धाहरूको आउने वृद्धभत्ताबाट मासिक १०० लिने व्यवस्था छ भने कसैले आफ्नो सबै वृद्धभत्ता आश्रमलाई दिने गरेको देखियो । नागरिकता नहुनेहरूको लागि आश्रमले नै प्रक्रिया पुऱ्याएर नागरिकता बनाइदिने गरेको पाइयो ।

आश्रमभित्र वृद्धवृद्धाहरूको मृत्यु भएमा आश्रमले आफन्तको खोजी गर्दछ भए खबर गरेर झिकाउँदछ नभए आश्रमले नै आश्रमको खर्चमा दाहसंस्कार गर्दछ । अहिलेसम्म आश्रमले ५ जनाको दाहसंस्कार आश्रमकै खर्चमा गरेको देखियो ।

# पाँचौ अध्याय

# वृद्ध-वृद्धाहरूको सामाजिक आर्थिक अवस्था

हरेक मानिसको आ-आफ्नो सामाजिक/आर्थिक पारिवारिक पृष्ठभूमि हुन्छ । यस अध्ययनमा विश्राति वृद्धाश्रममा रहेका आश्रित वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक, पारिवारिक पृष्ठभूमि र परिवारबाट विस्थापित हुन बाध्य गर्ने कारण तथा वृद्धहरूको जीवन बारे तथ्याङ्क प्रस्तुतिकरण गरि विश्लेषण गरिएको छ । यहाँ विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, उमेर, लिङ्ग, शारीरिक अवस्था आदि भएका विभिन्न क्षेत्रका वृद्धवृद्धाहरू यहाँ आश्रित भएको पाइयो ।

## ५.१ जात

मानिस कुन जात, कुन लिङ्ग, कुन धर्म संस्कृति मानेको कस्तो पारिवारिक वातावरणमा हुर्केको छ र उसको वैवाहिक स्थिति कस्तो छ आदि कुराहरूले उसको व्यक्तिगत जीवनमा प्रभाव पारेको हुन्छ । विश्रान्ति वृद्धाश्रममा पनि विभिन्न जातका वृद्धवृद्धाहरू आश्रित रहेको पाइयो । जस मध्ये बढी बाहुन क्षेत्री पाइयो भने अन्य जाति कम पाइयो ।

**तालिका ३**

**वृद्धवृद्धाहरूको जातजाति**

| जात | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| बाहुन | ५ | १० | १५ | ५० |
| क्षेत्री | २ | ३ | ५ | १६.६७ |
| नेवार | २ | २ | ४ | १३.३४ |
| लिम्बु | १ | २ | ३ | १० |
| मगर | | १ | १ | ३.३३ |
| मारवाडी | | १ | १ | ३.३३ |
| बंगाली (भारतीय) | | १ | १ | ३.३३ |
| जम्मा | १० | २० | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको टेवल नं. ३ अनुसार यस आश्रममा आश्रित वृद्धवृद्धाहरूमा सबैभन्दा बढी बाहुन ५० प्रतिशत छन् भने दोस्रोमा क्षेत्री १६.६७ प्रतिशत छन् । तेस्रोमा नेवार १३.३४ प्रतिशत रहेका छन् । चौथोमा लिम्बु १० प्रतिशत छन् । पाँचौंमा मगर ३.३३ प्रतिशत रहेका छन् भने छैंटौंमा मारवाडी ३.३३ प्रतिशत छन्, सातौंमा भारतीय ( बंगाली) ३.३३ प्रतिशत रहेका छन् ।

यो वृद्धाश्रम विश्रामेश्वर मन्दिर क्षेत्रमा अवस्थित छ । बाहुन क्षेत्री नेवार प्रायः हिन्दू र अरू पनि सबै हिन्दु धर्ममानै आस्था राख्ने छन् । जसले गर्दा एक दिन सबैले नै मर्नुपर्दछ । त्यसैले अन्तिम अवस्थामा आफ्नै सन्तानलाई वा आफन्तबाट अपहेलित भइ बोझको रूपमा वस्नुभन्दा मन्दिर गंगाको तिरमा आइ वसेमा अन्तिम समयमा यही मर्न पाए मोक्ष पाउने विश्वासमा यस वृद्धाश्रममा आश्रय लिन पुगेका छन् ।

## ५.२ उमेर

सामान्यतया ६० वर्ष उमेर पुगेकालाई वृद्ध भनिन्छ । यस उमेरमा सबै वृद्धवृद्धाहरू शारीरिक र मानसिक रूपमा कमजोर हुँदै जान्छन् । यो अवस्थामा अर्थोपार्जन गर्न र आफ्नो हेरविचार आफै गर्न नसक्ने अवस्थामा पुग्दछन् । त्यस्तो अवस्थामा आफ्नै सन्तानबाट बोझ संझिएर अपहेलित हुन पुग्दछन् र घरमा झगडा र तनावमा बस्नु भन्दा आश्रमको खोजी गरी वृद्धाश्रममा आश्रय लिन पुग्दछन् ।

यस आश्रममा निर्धन तथा असहाय वृद्धवृद्धाहरूनै बढी आश्रममा आश्रय लिन आएको देखियो । आर्थिक रूपले विपन्न, आर्थिक भारले गर्दा परिवारमा गुजारा चलाउन गारो हुन्छ त्यहाँ माथि वृद्ध भएका आमाबाबु कुनै पनि अर्थोपार्जन गर्न नसक्ने हुन्छन र त्यसले गर्दा आश्रममा पुऱ्याइएका हुन्छन् ।

## तालिका ४

## वृद्धवृद्धाहरूको उमेर विवरण

| क्र.सं. | उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ५८-६२ | २ | १५.३८ | ८ | ४७.०५ | १० | ३३.२४ |
| २ | ६३-६७ | १ | ७.६९ | १ | ५.८८ | २ | ६.६६ |
| ३ | ६८-७२ | १ | ७.६९ | २ | ११.७६ | ३ | १० |
| ४ | ७३-७७ | २ | १५.३८ | १ | ५.८८ | ३ | १० |
| ५ | ७८-८२ | ३ | २३.०७ | २ | ११.७६ | ५ | १६.६७ |
| ६ | ८३-८७ | ३ | २३.०७ | १ | ५.८८ | ४ | १३.३३ |
| ७ | ८८-९२ | १ | ७.६९ | १ | ५.८८ | २ | ६.६७ |
| ८ | ९३+ | ० | | १ | ५.८८ | १ | ३.३३ |
| | जम्मा | १३ | | १७ | १०० | ३० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस वृद्धाश्रममा ५८ देखि ६२ वर्षसम्मका पुरुष वृद्धहरू १५.३८ प्रतिशत छन् भने महिला वृद्धहरू ४७.०५ प्रतिशत छन् । त्यसपछि ६३ देखि ६७ वर्षसम्मका पुरुष वृद्धहरू ७.६९ प्रतिशत छन् भने महिला वृद्धहरू ५.८८ प्रतिशत छन् । त्यसैगरी ६८ देखि ७२ वर्षसम्मका पुरुष वृद्धाहरू ७.६९ प्रतिशत र महिला वृद्धहरू ११.७६ प्रतिशत देखिन आएको छ । त्यस्तै ७३ देखि ७७ वर्ष सम्मका पुरुष वृद्धाहरू १५.३८ प्रतिशत छन् भने महिला वृद्धाहरू ५.८८ प्रतिशत छन् । ७८-८२ वर्ष सम्मका पुरुष वृद्धहरू २३.०७ प्रतिशत छन् भने महिला वृद्धहरू ११.७६ प्रतिशत छन् । ८३.८७ वर्ष सम्मका पुरुष वृद्धाहरू २३.७७ प्रतिशत र महिला वृद्धहरू ५.८८ प्रतिशत रहन गएका छन् । त्यस्तै ८८ देखि ९२ वर्षसम्मका पुरुष वृद्धहरू ७.६९ प्रतिशत छन् भने महिला वृद्धाहरू ५.८८ प्रतिशत छन् । त्यस्तै ९३ वर्ष माथिका महिला वृद्धाहरू ५.८८ प्रतिशत छन् ।

जीवनको सक्रिय अवस्था सकिएपछि मानिसहरू वृद्धवस्थामा प्रवेश गर्दछन् । समाजको सवरूपमा आएको परिवर्तनले पारिवारिक स्वरूपमा पनि परिवर्तन ल्याएको छ । त्यसैले परिवारका वृद्धवृद्धाहरू वृद्धाश्रमको शरणमा गएको देखिन्छ । यस अध्ययन तालिकाबाट पनि उमेर बढी हुँदै गएपछि वृद्धाश्रममा आश्रित रहनु परेको प्रष्ट्याउँछ ।

यस वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरूको लैङ्गिक विवरणलाई हेर्दा पुरुष कम छन् भने महिलाशारीरिक रूपले पुरुष भन्दा महिला बढी बाँच्ने, पुरुषले आफूभन्दा कम उमेरका महिलासँग विवाह गर्नुपर्ने प्रचलन, पुरुषमा बढी जिम्मेवारीपना आदिले गर्दा पुरुषको तुलनामा महिला बढी बाँच्ने र सामाजिक भेदभावले गर्दा पनि आश्रममा पुरुषभन्दा महिला वृद्धहरू बढी आश्रित रहेको देखिन्छ ।

## ५.३ धर्म

प्राचीन समयदेखि नै नेपालमा विभिन्न धर्मावलम्बी बसोबास गर्ने थलोको रूपमा चिनिन्छ । यो आश्रम मन्दिरको क्षेत्र भित्र रहेकोले यहाँ आश्रित वृद्धवृद्धाहरू विविध जाति, भाषा, सांस्कृतिक भएपनि सबै हिदु धर्म नै अपनाएको देखियो । यो आश्रम विश्रान्ति मन्दिरको क्षेत्रमा रहेको हुनाले पनि अधिकांश वृद्धवृद्धाहर नेवार, लिम्बु, मगर, सबैले हिन्दु धर्म अपनाएको बताए ।

## ५.४ वैवाहिक स्थिति

यस आश्रममा आश्रित वृद्धवृद्धाहरूको वैवाहिक स्थितिको अध्ययन गर्दा यस आश्रममा आश्रित वृद्धवृद्धाहरू विधवा, विदुर, सढवा, अविवाहित छन् ।

आश्रित वृद्धवृद्धाहरूको स्थलगत अध्ययन गर्दा महिला वृद्धाहरू बढी विधवा पाइयो। त्यसपछि विवाहित वृद्धवृद्धाहरू त्यसपछि विदुर र अविवाहित पाइयो ।

## तालिका ५
## वृद्धवृद्धाहरूको वैवाहिक स्थिति विवरण

| क.सं. | प्रकार | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विवाहित | ९ | ३० | १ | ३.३३ | ३०.३३ |
| २ | विधवा/विधुर | १५ | ५० | ३ | १० | ६० |
| ३ | अविवाहित | १ | ३.३३ | १ | ३.३३ | ६.६६ |
| | जम्मा | २५ | १०० | ५ | १०० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस वृद्धश्रमभित्रको वृद्धवृद्धाहरूको विवाहित, अविवाहित विधवा, विधुर जीवन बारे अध्ययन गर्दा विवाहित महिला ३० प्रतिशत पाइयो भने पुरुष ३.३३ प्रतिशत पाइयो विधवा महिला ५० प्रतिशत पाइयो भने विधुर पुरुष १० प्रतिशत पाइयो । अविवाहित महिला ३.३३ प्रतिशत र पुरुष ३.३३ प्रतिशत रहेको पाइयो ।

विधवा महिला वृद्धाको संख्या बढी देखिनुका कारण अध्ययन गर्दा कतिको आफूभन्दा धेरै वर्ष जेठो व्यक्तिसँग विवाह भएको कसैको दुर्घटनामा परि मृत्यु भएको देखियो । समाजमा विधवाले विवाह गर्न नपाउने चलन छ । त्यसपछि घरबाट तिरस्कृत भएपछि आश्रमको खोजिमा यस आश्रममा आएको पाइयो । कसैको सन्तान भए तापनि छोराबुहारीको दुर्व्यवहारले गर्दा घर छाडि हिंड्न बाध्य भएका पाइयो ।

अविवाहित, विधवा तथा विदुरहरू बाहेक यस आश्रममा विवाहित वृद्धवृद्धाहरू पनि आश्रित छन् । यिनीहरू शारीरिक रूपले अशक्त, निसन्तान तथा पारिवारिक तनावको कारण, श्रीमानले सौता ल्याएका कारण, श्रीमतीले नराम्रो व्यवहार गरेका कारण, यहाँ आश्रय लिन आएका छन् । वृद्धवृद्धाहरूमा विदुरको संख्या कम पाइयो यसको कारण, विवाहित पुरुषहरू भन्दा महिलाको उमेर कम हुने, विधवा महिलाको तुलनामा विदुरहरूले श्रीमतीको मृत्यु भएपछि पुन विवाह गर्ने प्रचलनले गर्दा पनि विदुरको संख्या कम पाइयो ।

## ५.५ आश्रममा आश्रित वृद्धवृद्धाहरूको प्रकार

यस आश्रममा असक्तका साथै विविध किसिमका रोगी वृद्धवृद्धाहरू पनि छ । आश्रममा बस्ने १ जना अशक्त वृद्धाको शक्त वृद्धाहरूले र १ जना कर्मचारीले दिशा पिसाव गराउने, नुवाइदिने र खाना खुवाउने गर्दछन् ।

**तालिका ६**

**आश्रममा आश्रित वृद्धवृद्धाहरूको प्रकार**

| क.सं. | विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अन्धा | | १ | १ | ३.३३ |
| २ | अपाङ्ग | १ | | १ | ३.३३ |
| ३ | मानसिक रोगी | | १ | १ | ३.३३ |
| ४ | सपाङ्ग | १५ | १२ | २६ | ९० |
| जम्मा | | १६ | १४ | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार कोही पनि आफ्ना नभएर आउने वृद्धहरू २६.३१ प्रतिशत छन् भने वृद्धहरू ३६.३६ प्रतिशत छन् । त्यस्तै सन्तानले हेला गरेर आउने महिला वृद्धाहरू २६.३१ प्रतिशत छन् भने पुरुष वृद्धहरू २७.२७ प्रतिशत छन् । सम्पत्ति नभएर आउने महिला वृद्धाहरू १०.५२ प्रतिशत छन् भने पुरुष वृद्धहरू ९.०९ प्रतिशत छन् । दुःख पाएर आउने महिला वृद्धाहरू २६.३१ प्रतिशत छन् भने पुरुष वृद्धहरू २६.२७ प्रतिशत छन् । आत्मा शान्तिको लागि आउने पुरुष वृद्धहरू ६.६८ प्रतिशत छन् ।

यसरी आँखा नदेख्ने अवस्थामा हातखुट्टा नचलेर एकै ठाउँमा बसिरहने अवस्था हुँदा दिशापिसाव गर्न जान नसकेर दिशा पिसाव एकै ठाउँमा हुँदा परिवाररहरू फर्केर पनि नआएकोले वृद्धवृद्धाहरू यस्ता सन्तान हुनुभन्दा नहुनु वेश भन्दै रुन बाध्य थिए ।

## ५.६ परिवारबाट विस्थापित हुने र वृद्धाश्रम आउन वाध्य हुने कारण

हरेक व्यक्तिको आ-आफ्नै सामाजिक, आर्थिक, पारिवारिक पृष्ठभूमि हुन्छ । नेपालको सन्दर्भमा आधुनिकीकरण, शहरीकरण, एकल परिवारको अवधारणाले गर्दा पुरानो र नयाँ पुस्ताविचको मूल्य मान्यताको भिन्नताले गर्दा बुढाबुढीहरू आफ्नै परिवारबाट बोझ अपहेलनाको अनुभव गरी वृद्धाश्रममा कारण लिन पुगेको देखिन्छ ।

**तालिका नं. ७**

**परिवार विस्तापित हुने र वृद्धाश्रम आउन बाध्य हुने कारणको विवरण**

| क.सं. | आश्रममा आउनुपर्ने कारण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कोही नभएर | ५ | २६.३१ | ४ | ३६.३६ | ९ | ३० |
| २ | सन्तानले हेला गरेर | ५ | २६.३१ | ३ | २७.२७ | ८ | २६.६६ |
| ३ | सम्पत्ती नभएर | २ | १०.५२ | १ | १९.०९ | ३ | १० |
| ४ | दु:ख पाएर | ५ | २६.३१ | ३ | २६ | ८ | २६.६६ |
| ५ | आत्म शान्तिको लागि | २ | १०.५२ | ० | ० | २ | ६.६८ |
|  | जम्मा | १९ | १०० | ११ | १०० | ३० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस आश्रममा ३.३३ पुरुष अन्धा छन् भने अपाङ्ग महिला ३.३ प्रतिशत छन् । मानसिक रोगी पुरुष ३.३३ प्रतिशत छन् । सपाङ्ग पुरुष ८५.७१ प्रतिशत छन् महिला ९३.७५ प्रतिशत छन् । अन्धा, अपाङ्ग वृद्धवृद्धाहरूलाई सपाङ्ग तथा सक्त वृद्धवृद्धाले सहयोग गर्ने गर्दछन् र एकजना महिला कर्मचारीको पनि व्यवस्था गरेको छ आश्रमले ।

दिन प्रतिदिन सानो परिवारको अवधारणाले वृद्ध आमा बुवालाई पाल्ने सन्दर्भमा समयको अभावले, झर्को मान्ने स्वार्थी प्रवृत्ति देखिन्छ ।आमा बाबुले दु:ख गरेर आर्जित गरेको सम्पत्तिमा छोरा बुहारी निर्भर भएको देखिन्छ । बुढाबुढीले अंशबण्डा पछि छोराले पाल्छ भन्ने आशमा ज्यूनी भागपनि नराखी सबै छोरालाई सुम्पन्छन् । अनी सबै सम्पत्ती पाएपछि छोराबुहारीले हेला गर्न थाल्छन् । ज्यूनी भाग नराख्नाले सम्पत्ति

विहीन बनेकाले, घरमा बुहारीको प्रवेश पछि उमेरको असमानताले गर्दा एक अर्काबीचको विचार खानपान र रहनसहन नमिलेको पुरानो र नयाँ पुस्ता बीचको मूल्यमान्यताले फरकपनले पारिवारिक कलहले गर्दा पनि आश्रम आएको देखिन्छ ।

अविवाहित वृद्धवृद्धा सानैमा बाबु आमाको मृत्यु भएपछि एक्लो भएकोले आफ्नो नाममा सम्पत्ती नभएकोले एक्लो भएर यस आश्रममा बस्न आएको देखिन्छ ।

## ५.७ आफन्तहरू भेट्न आउने नआउने विवरण

यस आश्रममा आश्रित वृद्धवृद्धाहरूका आफन्तहरू धेरै कम वृद्धवृद्धाहरूका मात्र भेट्न आउने गरेको पाइयो । त्यसमा पनि प्राय छिमेकीहरू एक दुईजना वृद्धवृद्धा चाही छोरी भेट्न आउने गरेको पाइयो । छोराबुहारी हुनेका कसैका पनि भेट्न आएको देखिएन ।

**तालिका नं. ८**

**आफन्तहरू भेट्न आउने नआउने विवरण**

| क.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | भेटघाट गर्न आउने | ५ | १६.६६ |
| २ | भेटघाट गर्न नआउने | २५ | ८३.३४ |
| | जम्मा | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको टेवल नं. ८ अनुसार यसमा आश्रितका परिवार नातेदार छरछिमेकी भेट्न आउनेहरू १६.६६ प्रतिशत छन् भने आश्रितलाई भेट्न नआउनेहरू ८३.३४ प्रतिशत छन् ।

छोराले भन्दा छोरीले आमा बाबुको बढी माया गर्ने भएर होला प्रायः छोरी भेट्न आएको देखिन्छ । आमा बाबुलाई आफ्नै घरमा समाजको डर संयुक्त परिवारमा

वस्नु र कुटुम्वकहाँ वस्न नरुचाउने पनि देखियो । हुने खाने जागिर भएका छोराहरूले आमाबुवालाई त्यागेको देखियो ।

## ५.८ वृद्धवृद्धाहरूको स्वास्थ्य स्थिति विवरण

यस आश्रममा स्वास्थ्य उपचारको व्यवस्था एकदमै साधारण छ । साधारण औषधी कर्मचारीले दिन्छन् किनकि यस आश्रममा एकजना पनि स्वास्थ्यकर्मी छैनन् । महिनामा दुईपल्ट वि.पि. कोइरालाका स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आएर हाड जोर्नी नशाको जाँच गर्दारहेछन् । शोधकर्तासँग नै वृद्धवृद्धाहरूले आफूलाई कसैले घुँडा, कसैले कम्मर, छाति दुख्ने आदिरोगको औषधी ल्याइदिनु भनेका थिए । ठूलो रोग लागेको अवस्थामा धरान, धनकुटा लग्ने गरेको पाइयो । ठूलो रोग लाग्दा सक्ने मात्र खर्च आश्रमले गर्ने नसके वृद्धवृद्धाका आफन्तहरूलाई भन्ने र आफन्त नहुने र नआउनेका त्यसै मर्ने गुनासो पाइयो ।

विरामी पर्दा आफ्नो नजिकका साथीहरूले तातोपानी, औषधी मागेर खुवाइ सहयोग गरेको पाइयो ।

**तालिका नं. ९**

**वृद्धवृद्धाहरूको स्वास्थ्य स्थिति विवरण**

| क्र.सं. | शारीरिक अवस्था | महिला | प्रतिशत | पुरुष | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | दम रोग | ४ | ५० | १८ | ८१.८१ | २२ | ७३ |
| २ | बाथरोग | ४ | ५० | २ | ९.०९ | ६ | २० |
| ३ | टिवि | | | १ | ४.५४ | १ | ३.३ |
| ४ | ठिक छ | | | १ | ४.५४ | १ | ३.३ |
| | जम्मा | ८ | १०० | २२ | १०० | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

५० प्रतिशत महिला वृद्धाहरू र ८१.८१ प्रतिशत पुरुष वृद्धाहरू दमरोगबाट पीडित देखिन्छन् । बाथरोगबाट ५० प्रतिशत महिला वृद्धाहरू र ९.०९ प्रतिशत पुरुषहरू पीडित छन् । टिविबाट ३.३ प्रतिशतबाट पीडित देखिन्छन् ।

## ५.९ धुम्रपान गर्ने/नगर्ने वृद्धवृद्धाहरूको विवरण

यस वृद्धाश्रममा जम्मा ३० जना वृद्धवृद्धाहरू रहेका २ जनाले मात्र धुम्पान गर्ने गरेको पाइयो । बाँकी २८ जनाले नगर्ने गरेको पाइयो । धुम्रपान गर्ने दुई जनालाई बेलाबेलामा त्यहाँ आउने व्यक्तिहरूबाट पैसा प्राप्त हुने भएकोले यसैबाट धुम्रपानका लागि खर्च जुटाउने गर्दछन् । आश्रमले विहान दिउँसो, बेलुका चिया खाजा र खाना बाहेक विशेष चाडपर्वमा चाडपर्व अनुसारको खाना दिन्छ । आश्रम वासीलाई व्यक्तिगत खर्च आश्रमले दिंदैन ।

## ५.१० घर फर्कन चाहने/नचाहने वृद्धवृद्धाहरूको विवरण

**तालिका १०**

**घर फर्कन चाहने/नचाहने वृद्धवृद्धाहरूको विवरण**

| विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| घर फर्कन चाहने | २ | ० | २ | ६.६६ |
| नचाहने | १४ | १४ | २८ | ९३.३३ |
| जम्मा | | | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस वृद्धाश्रममा घर फर्कन चाहने वृद्धवृद्धा ६.६६ प्रतिशत छन् भने नचाहने वृद्धवृद्धाहरू ९३.३ प्रतिशत छन् । छोराछोरीले पहिले जेजस्तो गरेपछि अहिले माया गरेर लिन आए जान चाहेको बताए ।

आश्रममा आश्रित वृद्धवृद्धाहरू आश्रमकै वातावरणमा रहन अभ्यास भैसकेको देखिन्छ । ९३.३३ वृद्धवृद्धाहरू आश्रम छोडेर जान नचाहेको बताए । कारण कसैको

आर्थिक अवस्था एकदमै कमजोर भएको, कसैको आफ्नो परिवारबाट अपहेलित भएको उनीहरूले आफूलाई एकदमै चित्त दुखाएको, कसैले बाहिर बाहिर केही गरी खान नसक्ने भएको तथा कसैको आफन्त नभएको कारणलेविरामी पर्दा स्याहारसुसार गर्ने औषधी उपचार गर्ने कोही नभएकोले आश्रम छोडी जान नचाहेको बताए ।

६.६६ वृद्धवृद्धाहरूले घरबाट आफ्ना छोराछोरीले माया गरेर लिन आएमा जान चाहेको पाइयो ।

### ५.११ वृद्धवृद्धाहरूको शैक्षिक विवरण

**तालिका ११**

**वृद्धवृद्धाहरूको शैक्षिक विवरण**

| क.सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ३ | १८.७५ | ११ | ७८.५७ | १४ | ४६.६६ |
| २ | निरक्षर | १३ | १८.२५ | ३ | २१.४३ | १६ | ५३.३४ |
| जम्मा | | १६ | १०० | १४ | १०० | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यस आश्रममा महिलाभन्दा बढी साक्षर पुरुष छन् । पुरुषहरू ७२.५७ प्रतिशत साक्षर छन् भने महिलाहरू १८.७५ प्रतिशत साक्षर छन् । यसरी महिलाभन्दा पुरुषहरू बढी साक्षर हुनका कारण त्यो समयको मूल्यमान्यताले छोरीलाई पठाउने चलन नभएकाले हो ।

वृद्धवृद्धाहरूको भनाइमा उनीहरूको समयमा पठाउने चलन थिएन । विशेष गरी छोरीलाई । छोरीलाई पठाएर के गर्नु अर्काको घर लिप्ने जात भन्ने भनाई थियो । त्यसैले यस आश्रममा पनि पुरुष भन्दा महिलाहरू बढी निरक्षर भेटिए ।

# छैठौं अध्याय

# सारांश र निष्कर्ष

## ६.१ सारांश

मानिस प्राकृतिक प्राणी भएकोले मरणशिल छ । मानिसले आफ्नो जीवनमा तीन अवस्था पार गवर्दछ । वालवस्था, युवावस्था वृद्धावस्था, वाल्यावस्था आमाबाबुको माया र ममतामा वित्दछ, युवावस्थामा प्रवेश गरेपछि शारीरिक, मानसिक वृद्धि हुन्छ र त्यसपछि प्रौढहुँदै वृद्धावस्थामा प्रवेश गर्दछन् ।

वृद्धावस्था भनेको अस्ताउँदो घाम जस्तै हो । यस उमेरमा आइपुग्दा मानिसले धेरै सुख दुःख सँगालिसकेको हुन्छ । स्वभावैले वृद्धावस्थामा अरूको सहयोगको आवश्यकता पर्दछ । वृद्धावस्थामा मानिस शारीरिक रूपमा एकदमै कमजोर हुन्छ । यसले यो अवस्थामा मानिस छुट्टै जीवन विताउनु भन्दा परिवारसँगै बस्न चाहन्छ । तर आज कतिपय वृद्धवृद्धाहरू परिवारको घृणा अपमान र हेला सहेर बाँचिरहेका छन् । परिवारले मात्र होइनसमाज र राज्यले पनि यिनीहरूको वास्ता गरेको पाइँदैन । यो अवस्थामा मानिसको शारीरिक र मानसिक अवस्था क्षिण हुँदै जान्छ र उसलाई आफ्नो जीवनयापनको लागि अरूको सहारा लिनु पर्ने हुन्छ । शारीरिक अवस्था क्षिण भएपनि उसको लामो जीवनकालको तीतामिठा अनुभवको कारणले उसको बौद्धिक क्षमतामा भने कमि आएको हुँदैन । वृद्धावस्थासुखमयसँग वितोस, सजिलो मरण होस् भनेर मानिसले सन्तान पैदा गर्छ तर कतिपय वृद्धवृद्धाहरूले मात्र यो अवस्थामा सन्तानको माया, ममता, स्नेह, स्याहार सुसार प्राप्त गर्दछन् । कतिको जीवन अपमान, हेलामा व्यतित हुन्छ र शारीरिक असक्षमताको कारण दीन हिन भर्य काल पर्खन बाध्य हुन्छन् ।

औद्योगिक क्रान्ति व्यापक भएको यस आधुनिक युगमा मानिसको चिन्तन छिटो पैसा कमाउने र विभिन्न भोगविलासका सामाग्रीहरूको उपभोग गरी आफ्नो जीवनलाई विलासी बनाउने तर्फ गएको छ । मानिस आफ्नो जीवनलाई शहरीकरण गर्दैछन् ।

औद्योगिकरणले गर्दा वृद्धवृद्धाहरूको जीवन असहाय र चिन्ताजनक बनाएको छ । सन्तान भएर पनि निःसन्तान जस्ता भएका वृद्धवृद्धाहरूको जीवन भने असहाय भई चिन्ता र दुःखमा व्यतित भएको छ ।

धनी राष्ट्रहरूले वृद्धवृद्धाहरूको समस्या समाधानको लागि उनीहरूलाई खान, बस्नको सुख सुविधा पुऱ्याउन सुविधायुक्त आश्रमको व्यवस्था गर्दछन् । हाम्रो देशमा पनि विभिन्न ठाउँमा सरकारी, गैरसरकारी स्तरमा विभिन्न वृद्धाश्रमहरू खोलिएका छन् । अहिलेको युगमा निःसहाय वृद्धवृद्धाहरूको समस्याको चिन्ता समाज र देशलाई पर्न गएको छ । यी क्षेत्रहरूबाट समस्या समाधान तर्फ खोज र अनुसन्धानका कार्यहरू हुँदैनन् ।

यस विश्रान्ति वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक, शारीरिक, भौतिक पक्ष लगायत वृद्धाश्रमको व्यवस्थापनको अध्ययन गर्नलाई जनगणना विधि तथा आश्रम व्यवस्थापनसँग अन्तर्वार्ता विधिहरू अपनाइयो तथा आश्रम व्यवस्थापनसँग अन्तर्वार्ता विधिहरू अपनाइयो । यी विधि अनुरूप वृद्धाहरूमा रहेका ३० जना वृद्धवृद्धाहरूसँग प्रश्नावली अनुरूप प्रत्यक्ष सम्पर्कमा प्रश्नहरू सोधी वास्तविकताको अध्ययन गरियो ।

आश्रित वृद्धवृद्धाहरूको सामाजिक पक्षको अध्ययन गर्दा आश्रममा आश्रित हुन आउनुको कारणहरूमा पारिवारिक झैझगडा, आर्थिक असक्षमता, शारीरिक अशक्तता, परिवारबाट र आफन्तबाट अपहेलना र तिरस्कार, परिवार र समाजबाट माया ममता र सम्मानको अभाव मुख्य कारण देखिए ।

वृद्धवृद्धाहरूको आर्थिक पक्षलाई केलाउँदा उनीहरूको जग्गा जमिन नहुनु, कम भएर आफ्नो आयस्तरबाट खान नपुग्नु, अन्य आयस्रोत नभएकोले जीवनयापन गर्न अप्ठ्यारो परेको देखियो । वृद्धावस्था भएपछि केही काम पनि नपाउने, पाएको गर्न नसक्ने, जमिन पनि नभएको अवस्था र आफ्नो परिवारबाट पनि हेला र तिरस्कृत भएपछि आश्रममा आएर आश्रित हुन बाध्य भएको देखिन्छ ।

वृद्धाश्रमलाई व्यवस्थित रूपले सञ्चालन गर्न ९ जना कर्मचारी छन् । व्यवस्थापन पक्षबाट आश्रित वृद्धवृद्धाहरूलाई उपलब्ध गराइएको भौतिक सुविधाहरू जस्तो खान, बस्न, औषधी उपचार, चाडपर्व अनुसारको खानेकुरा तथा अन्य सामाग्रीहरूबाट आश्रितहरू त्यति धेरै सन्तुष्ट नभएको पाइयो । साधारण औषधी (सितामोल) मात्र पाइने, उमेर अनुसारको खानपिनको व्यवस्था नभएको, चाडपर्वहरूमा ध्यान नपुऱ्याउने जस्ता असन्तोषका कुराहरू छन् । वृद्धवृद्धाहरूले आफ्नो वल बुद्धि र क्षमताले गर्न सक्ने आयमूलक कुनै कार्यहरू व्यवस्थापन पक्षबाट मिलाउन नसकेको कारणले उनीहरूको साधारण आय पनि नभएकोले जीवनयापनमा पैसाको अभाव भएको कुरा पनि वृद्धवृद्धाहरूले व्यक्त गरेको पाइयो ।

यो अध्ययनका क्रममा के पत्ता लाग्यो भने वृद्धवृद्धाहरू आफ्नो परिवारबाट धेरै मायाममता, सहयोगको अपेक्षा राख्दछन् । वृद्धवृद्धाहरू समाजमा अपहेलित वर्गको रूपमा रहेका छन् । उनीहरूको इच्छा, चाहना आवश्यकतालाई बुझ्ने कोशिस कसैले गर्दैन । आधुनिकीकरण, औद्योगीकरण र पाश्चात्य मुलुकको प्रभावले बुढाबुढीको जीवनमा नराम्रो प्रभाव पारेको देखिन्छ । गरिवी बुढेसकालका लागि ठूलो समस्या मानिन्छ । यसबाट विशेष गरी वृद्ध भएका विधवा महिलाहरू बढि प्रभावित भएको देखिन्छ ।

## ६.२ निष्कर्ष

आजको २१ औं शताव्दीमा समेत नेपालको परिप्रेक्ष्यमा वृद्धवृद्धाहरू सामाजिक सरोकारको विषय बन्न नसक्नाले समाजमा ज्येष्ठ नागरिकहरूप्रतिको दायित्वलाई समाजले विर्सन लागेको देखिन्छ । समयको अन्तरालसँग आधुनिकीकरण, शहरीकरणले मूल्यमान्यतामा आएको परिवर्तनले परिवारमा वृद्धवृद्धाहरूको अवस्था दयनीय हुन गई घरपरिवारले छाडी अनेक माध्यमबाट वृद्धवृद्धाहरूको अवस्था दयनीय हुन गई घरपरिवार नै छाडि अनेक माध्यमबाट वृद्धाश्रममा शरण लिन आइ पुग्दछन् ।

हिजो आज विश्वको बदलिदो परिवेशले सानो परिवारको चाहना गरिबी एवं शहरीकरणको प्रक्रियाले हाम्रो सामाजिक संस्कार खलबलिंदै गएको देखिन्छ । अधिकांश वृद्धवृद्धाहरू आर्थिक विपन्नताको कारण आफुले दु:ख गरेर कमाएको सम्पत्तिमा छोराबुहारीको झगडा, बाँडफाँडपछि निर्धन, आयविहीन भएकोले गर्दा अन्तिम विकल्प वृद्धाश्रम भएको देखिन्छ ।

आधुनिक युगमा आएर मानिसहरूले म पनि एकदिन वृद्ध हुन्छु भन्ने तथ्यलाई बिर्सिएको भान हुन्छ । उनीहरूले आफ्ना वृद्ध आमाबाबुलाई “जिउँदो पितृ”को रूपमा लिने गरेका छन् । वृद्धवृद्धाहरूको सेवा ने सबैभन्दा ठूलो धर्म हो भन्ने धार्मिक कथनलाई शहरीकरणको भोगविलासमा लिप्त भएको अहिलेको युवा पुस्ताले आफ्नो कर्तव्यलाई बिर्सदै गएका छन् । जसको फलस्वरूप आजका वृद्धवृद्धाहरू आफ्नो सबै थोक भएर पनि केही नभएका जस्ता नाङ्गा र असहाय पनि जीवनयापन गर्दैछन् ।

वास्तवमा वृद्धवृद्धा उनीहरूको जीवनभरीको अनुभवबाट नै आजको पुस्ता अझ गतिशिलरूपमा अगाडि बढ्न सक्दछ । यही तथ्यलाई हृदयंगम गरी नेपाली समाजको सदस्य हुन र साँचो अर्थमा नेपाली कहलाउन पनि वृद्ध वृद्धाहरूका नेपालीहरूले गौरव अनुभव गर्नु पर्दछ । यसर्थ सबै वृद्धवृद्धाको सम्मान गरौं यसैमा हाम्रो गौरव छ ।

वृद्धवृद्धाहरू ज्ञानका भण्डार हुन् । उनीहरूले आफ्नो जीवनकालमा धेरै ज्ञान र अनुभव हासिल गरेका छन् । यी वृद्धवृद्धाहरूलाई उपयुक्त वातावरणमा, उपयुक्त खानपिन, बास र स्वास्थ्य उपचार भइदिए यिनीहरूको अवस्थामा सुधार आएर आफुमा भएको ज्ञान र सीपलाई व्यवहारमा उतार्न सक्दछन् । तर यसको विपरीत वृद्धवृद्धाहरूलाई असहाय तुल्याईसडकमा फालिदिने र उनीहरूको सम्मानमा आघात पुऱ्याउने काम भएको देखिन्छ ।

यस अध्ययनमा जुन आमा बाबुसँग प्रशस्त सम्पत्ति छ तिनीहरूको छोराबुहारीले माया गरेको देखिन्छ भन्ने आफ्नो सम्पत्ति छोराबुहारीको नाममा हस्तान्तरण गरिसकेको अवस्थामा आफ्ना आमा बाबुलाई हेला गरेको पाइयो ।

त्यसकारण उनीहरूको स्वामित्वको सम्पत्ति आफ्नो जीवनकालभरी आफैंसँग राख्न पाउने कानुनी व्यवस्था हुनुपर्ने, बाबु आमाको वंशाणुगत सम्पत्तिमाथि छोराको कानुनी अधिकार भएजस्तै छोराले पनि बबुआमाप्रति माया ममता मान सम्मान, हेरविचार गर्नुपर्ने कडा कानुनी प्रावधान राख्नुपर्ने समयको माग भइसकेको छ ।

गरिबी ठूलो समस्याको बुढेसकालको लागि । सम्पत्ति भएमा हैसियत र इज्जत बढ्दछ सम्पत्ति नहुँदा अपहेलित भइ एक्लोपना निराश, मानसिक तनावमा आजका अधिकांश वृद्धवृद्धाहरू परिवार र समाजमा सुविधाविहीन, अपहेलित अवस्थामा जीवन विताइरहेका छन् । असहाय, आर्थिक आधार नभएका बढी जिम्मेवार रूपमा रेखदेख गर्नुपर्ने हुनाले आश्रम व्यवस्थापन, भौतिक सुविधा सम्पन्नतालाई समयानुकूल बनाउनु पर्दछ । जीवनको उत्तरार्द्धमा पुगेका यी ज्यूँदा इतिहासहरूलाई सम्मानपूर्वक बाँच्ने बाँच्न पाउने वातावरण सृजना गर्नुपर्दछ । परिवार तथा समाजमा धर्म र नैतिकता लोप हुँदै गएको देखिन्छ । धर्म र नैतिकताको लागि पनि परिवार, समाज र देशले वृद्धवृद्धाहरूलाई उनीहरूको बाँकी जीवन सुखमय तुल्याउन उनीहरूलाई आफ्नो इच्छा अनुसार बाँच्न दिनु पर्दछ ।

कानूनमा अंश लिन पाउने अधिकारले गर्दा सम्पत्तिको निम्ति छोराले आमाबाबु प्रति परनिर्भर भएको र बुढेशकालमा शारीरिक असक्तता हुँदा हेरविचार गर्ला भन्ने उद्देश्यले छोराछोरी प्रति आमाबाबु परनिर्भर भएको देखिन्छ ।

वृद्ध आश्रममा वृद्धवृद्धाहरूको समग्र रूपमा अध्ययन गर्दा यस आश्रममा शारीरिक रूपले अशक्त, असहाय तथा निर्धन वृद्धवृद्धाहरूकै आश्रित हुन आएका देखियो । यस आश्रममा आश्रित वृद्धवृद्धाहरूलाई आश्रम तर्फबाट साधारण खाने लाउने तथा बस्नेको व्यवस्था गरिएको देखिएतापनि वृद्धाश्रममा विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष समस्याहरू देखिन आएका छन् ।

हाम्रो आँखा अगाडि धेरै कपुत छोराहरूले वृद्ध बाबुआमालाई पाटीको बास बनाएको छ । घटना ताजै छन् । हाम्रो कानुनमा छोराले उमेर पुगेपछि कानुनी रूपमा आमाबाबुसँग अंश माग गरी अंश छुट्याएर बस्न पाउँछ । आधुनिकीकरण र

पश्चिमीकरणको हावाले छोएका मानिसहरू बढी व्यक्तिवादी बन्दै गइरहेको तथ्य हाम्रो सामु यथेष्ट छन् जो आफ्ना स्वार्थका लागि अरूलाई कुल्चन नहिच्किचाउने प्रवृत्ति विकसित गर्दै गइरहेका छन् ।

समय परिवर्तनशील छ, आज समाज विस्तारै अतिव्यक्तिवादी, एकात्मक तथा पाश्चात्य सामाजिक सांस्कृतिक संरचनाको प्रभाव बढ्दो छ । यसको प्रत्यक्ष असर वृद्धवृद्धाहरूमा परिरहेको छ । कति वृद्धवृद्धाहरू तिरस्कृत र अपहेलित छन् । उनीहरूको जीवन व्यतित गर्न त्यति सजिलो छैन । आफ्नो परिवारबाट तिरस्कृत तिनीहरू सरकारद्वारा पनि संरक्षित छैनन् ।

वृद्ध अवस्थामा आएर शारीरिक एवं मानसिक दुर्वलता, एक्लोपन परिवर्तित सामाजिक एवं पारिवारिक वातावरणमा मिल्न नसक्नु आदिजस्ता कारणहरूले वृद्धहरूका लागि ठूला समस्या सिर्जना भएका छन् । तर वृद्धहरूको समस्या भन्नेबित्तिकै छोराबुहारीहरूले हेरेनन् भन्ने आरोप युवापुस्तामा पर्न आउँछ । यी समस्याका लागि युवापुस्ता मात्र दोषी छैन । हाम्रो पनि त दोष छ । हामीले आफ्ना स-साना बालबालिकालाई घरमा वृद्धवृद्धाहरूलाई सम्मान कसरी गर्नुपर्दछ भनेर सिकाउँदैनौं । आफैंले वृद्धहरूप्रति दुर्व्यवहार गरेपछि भोलीको युवा पुस्ताले आफूलाई त्यो उमेरपुग्दा कस्तो व्यवहार गर्लान भन्ने कुरा सोच्नु पर्ने हुन्छ । फेरी कहिलेकाहीं त वृद्धहरूको समस्याको लागि स्वयं वृद्धहरूनै कारण तत्व बन्न पुगेको पनि त पाइन्छ ।

वृद्ध र युवा पुस्ता बिचको जुन अन्तर छ त्यसलाई कम गर्न वृद्धहरूले पनि प्रयास गरेको पाइन्न । युवा पुस्ता आधुनिकीकरणको हरेक कदममा अगाडि बढ्न चाहन्छ भने वृद्धहरू युवा पुस्तासँग हिंड्न नचाहेर, नसकेर हरेक कदम पछाडि पर्दै गइरहेका छन् । यसको कारण वृद्धहरूले पनि आफुमा केही परिवर्तन ल्याइ नयाँ पुस्ताका नयाँ कदमलाई स्वीकार गर्न नसक्नु हो भन्न सकिन्छ । यसको अर्थ युवापुस्ताको हरेक कदम सही छ भन्ने तात्पर्य पनि होइन तर वृद्धहरूले पनि सही र गलत छुट्याई सही कुरालाई साथ दिएमा उनीहरूले युवापुस्ताबाट अवश्य मान सम्मान पाउने छन् ।

अधिक रूपमा अत्यन्त कमजोर हाम्रो सामाजिक संरचनाले गर्दा वृद्धवृद्धाहरू छोराप्रति आश्रित रहन्छन् । धार्मिक मान्यताले गर्दा छोरी प्रति आश्रित नरहेको पाइन्छ । जसले गर्दा हाम्रो समाजमा परिवारमा छोराबुहारीको आमा बाबुप्रति र आमाबाबुको छोराबुहारीप्रति असन्तुष्टि देखिन्छ । जुन घरका बालबालिकाहरू यस्तो वातावरणमा हुर्केका हुन्छन् । उनीहरूको मानसिकता पनि पछि गएर त्यस्तै प्रकारको हुन जान्छ ।

हरेक आमाबाबु चाहे उनीहरू सम्पन्न होऊन् वा विपन्न आफ्ना छोराछोरीलाई आफ्नो गाँस काटेर भएपनि हुर्काएका हुन्छन् । हुन त यसो नगर्ने हो भने हामीलाई परिवार/समाजमा बस्नुपर्ने आवश्यकता नै किन पर्दथ्यो होला र ? तर पछि यिनै छोराछोरीले जब आफ्ना आमाबाबु कमाउन नसक्ने शारीरिक रूपमा अशक्त अनि कमजोर हुँदै जान्छन् त्यसबेला डोकोमा हालेर लगी भिरबाट खसाल्ने कुरा सोच्दछन् । पाटीको बास गराउन समेत पछि पर्दैनन्, जुन नैतिकहिन एवं लज्जास्पद कुरा हो ।

आमा बाबुले आफ्नो सन्तानलाई जन्माइ हुकाई पढाइ बढाइ सषम बनाए पछि आफ्नो सेवा गर्ला पालनपोषण गर्ला भनेर । तर त्यही सन्तान आफू सक्षम भएपछि आमाबाबुलाई घरबाट निक्लन बाध्य पार्दछ । यस अध्ययनमा के पनि देखियो भने धेरै छोरा भएपनि आमा वा बाबुलाई कसले पाल्ने होडबाजीमा अन्त्यमा कसैले पनि नपाल्ने भएपछि आमाबाबु घरबाट निस्कन बाध्य भएका छन् । कसैका छोरा शिक्षक, कसैका व्यापारी, कसैका सचिव सम्म छन् तर आमा बाबुलाई पाल्ने हेरविचार गर्ने कुरामा उनीहरू अनपढ भए । खै त शिक्षा, पद, हैसियतले पनि मानिसलाई कहाँ परिवर्तन गरायो र?

छोराछोरीका लागि मरिमेटेर पालनपोषण गरेर, आफ्नो सर्वस्वपूँजी आफ्नो सन्तानलाई नै ठानेर शिक्षादिक्षा दिएर सक्षम बनाउँछन् । त्यही सन्तान पछि यति गरौं हुन्छ जसले आमाबाबुलाई घरबाट निकालिदिन्छ । शिक्षाले समाजलाई परिवर्तन गराउँछ भन्ने कुरा कहाँ लागु भयो र ? आफ्ना सन्तानलाई के शिक्षा दिने कस्तो शिक्षा

दिने । आफ्ना आमाबाबुलाई आफूले त्यो व्यवहार गरेपछि आफ्ना छोराछोरीले पनि आफूलाई त्यही नगर्लान भन्न सकिन्छ र ?

जति समाज शिक्षित भयो त्यति नै अरू हिंसा जस्तै वृद्धवृद्धाहरू माथि गरिने हिंसा बढ्दो छ । यस अनुसन्धानका क्रममा पनि त्यस्तै देखियो । यस आश्रममा आश्रित वृद्धवृद्धाहरू त्यसका सिकार भएका छन् । छोरालाई सबै सम्पत्ति ल्याप्चे लगाएर आफू आश्रममा वस्न बाध्य छन् । छोराछोरी शिक्षित बनाएर पनि त्यो शिक्षाले उनीहरूलाई आश्रय दिएन । महिलाहरू सन्तान जन्माउन असक्षम भएपछि श्रीमानले अर्की ल्याएर घरबाट निकालिदिन्छ । घरबाट निकालिए पछि माइतमा पनि उसको ठाँउँ छैन र आश्रममा आउन बाध्य हुन्छ ।

सकिन्छ भने समाजका वृद्धवृद्धाहरूको सेवा र उनीहरूको सम्मान गरौं त्यो सकिंदैन भने पनि आफ्नो परिवारका वृद्धवृद्धाहरूको सेवा गरेर उनीहरूको मृत्यु नभइन्जेल हाँसी हाँसी जीवन भोग्न पाउने व्यवस्था गरौं । त्यति पनि सकिंदैन भने कमसेकम वृद्धवृद्धाहरूलाई नरुवाऔं ।

वृद्ध हुनु जीवनको वास्तविकता हो । आफू पनि भोलि त्यही अवस्थामा पुगिन्छ भन्ने कुरालाई आत्मसात गरि वृद्धवृद्धाहरूलाई माया ममता र सम्मान गरौं ।

यसरी आश्रमको खोजि गर्ने वृद्धवृद्धाहरूले आश्रय लिनाका मुख्य निम्न कारणहरू देखिन्छन् ।

(१) आर्थिक रूपमा विपन्न र सन्तान नभएकाले ।

(२) आर्थिक रूपले सम्पन्न तर सन्तानले आमाबाबुको हेरचाह भन्दा आफ्ना परिवार तथा छोराछोरीलाई मात्र बढी ध्यान दिएकाले वृद्धवृद्धाले अपहेलित र बोझ भएको सम्झेकोले ।

(३) छोरा बुहारी काम विशेषले अथवा छुट्टिएर घरदेखि टाढा बसिदिनाले आर्थिक स्थिति राम्रो हुँदा हुँदै पनि हेरचाह गर्ने कोही नभएकाले ।

(४) बेवारिसे स्थितिमा रहेका वृद्धवृद्धाहरू

(५) विधवा र विधुर बृद्धवृद्धाहरू जो परिवारबाट अपहेलित भएका छन् ।

(६) अविवाहित वृद्धवृद्धाहरू जो बेसहारा तथा एक्लो जीवन बिताउन विवश भएका

(७) शारीरिक रूपले अपाङ्ग तथा दीर्घ रोगी भएका छन् जुन बाबुआमा स्याहार सुसार नगर्ने कपूत सन्तान भएकाले ।

*आमा सधैं रुन्छिन्*

*पहिले सन्तानले नखाईंदिंदा रुन्थिन, अहिले सन्तानले खाना नदिंदा रुन्छिन् ।*

*आमा सधैं रुन्छिन् ।*

*- अन्जान*

## सन्दर्भ सामाग्रीहरू


अन्तर्राष्ट्रिय कार्ययोजना प्रतिवेदन (२००२)

उप्रेती, मिना (२०५४), सीतापाइला गा.वि.स. का वृद्धमहिलाहरू शोधपत्र ।

कलौनी, लक्ष्मीदत्त (२०५५), श्रद्धासुमन : वृद्धवर्षको आह्वान जेष्ठ नागरिकको सम्मान ।

कान्तिपुर दैनिक, "आजदेखि अन्तर्राष्ट्रिय वृद्धवर्ष प्रारम्भ", कान्तिपुर, २०५५ पौष १७ गते, कान्तिपुर पब्लिकेसन ।

कान्तिपुर दैनिक (२०५६), "सन्तानले आमाबाबुलाई पाल्नैपर्ने कानुनी व्यवस्थाको अभाव", कान्तिपुर, २०५६ साउन १३ गते, कान्तिपुर पब्लिकेसन ।

कान्तिपुर दैनिक (२०५६), "उमेर भन्दा आहार विहार बुढ्यौलीको कारण", (कान्तिपुर, २०५६ माघ १६)

गोरखापत्र, (२०४१) चीनमा बुढाबुढीको संख्यामा वृद्धि ।

गोरखापत्र (२०५४), चीन बुढाबुढीको देश ।

गोरखापत्र (२०५९ माघ)

पराजुली, चन्द्ररमण (२०५५), श्रद्धासुमन ज्येष्ठ नागरिकलाई ।

तिमिल्सिना, पार्थिवेश्वर (२०५६), आजको समाजमा वृद्धत्व : केही समस्याहरू, केही देनहरू ।

थापा, सावित्रि (२०५५), श्रद्धासुमन : अन्तर्राष्ट्रिय वृद्धवर्ष सन्दर्भमा एक सान्दर्भिक चिन्तन ।

दाहाल, कृष्णप्रसाद (२०५५), श्रद्धासुमन : अन्तर्राष्ट्रिय जेष्ठ नागरिक वर्ष एक सन्दर्भ ।

दाहाल, शुशिला (२०५१), “पशुपति पञ्चदेवलमा बसोबास गर्ने वृद्धहरू”, एक मानवशास्त्रीय अध्ययन, अप्रकाशित शोधपत्र, २०५१ ।

प्रौढकल्याण संघ नेपाल, विचारपत्र, २०५४ ।

भट्टराई, टीका (२०४१), वृद्धाश्रममा वृद्धवृद्धाहरू एक समाजशास्त्रीय अध्ययन ( अप्रकाशित शोधपत्र), २०४१) ।

यात्रि, पूर्णप्रकाश नेपाल (२०५५), अन्तर्राष्ट्रिय वृद्ध वर्ष मातृदेवो भव, पितृदेवो भव ।

रिजाल, अनन्त (२०५५), सबैका लागि बस्न योग्य समाज- केही संभाव्यताहरू ।

सर्वोत्तम (२०५२ फाल्गुण ।

साप्ताहिक साउन (२०५७)

स्मारिका, (२०६७), समाज कल्याण केन्द्र, वृद्धाश्रम ।

श्रेष्ठ, कालिदास (२०५५), श्रद्धासुमन नेवार समाजमा वृद्ध ।

श्रेष्ठ, उमेश (२०५६), पशुपति वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरूको एक सामाजिक अध्ययन (शोधपत्र)

Acharya, S.K. (2001), Population Ageing.

Bist Prem Sing. (2003). "The Status of Elderly in Nepal" (Nepal Population and Development Journal).

Das, Gauri Shankar Lal (2056), Nutrition: Old Person and The Diet.

Dhital, Jeevanath (1999). Situation of Old age People in Nepal (Nepal Population and Development Journal).

Gautam, R.R. (2056), Social Gerontology A Case Study of Old age People living in Tanahu District.

Luitel Yova Raj (2001), "Poverty, vulnerability and old age Insecurity" PROPSIN Research Paper.

Panta, Prakash D. (2056), Elderly Population in Nepal.

Regmi (1993), "Socio-economic and cultural aspect of Ageing in Nepal" in occasional papers in sociology and Anthropology Vol. 3.

Subedi, B.N. (1996), Getting younger of facing the problem of Elderly people.

Voice of Old Age, 2001- NEPAN and Helpage International.

# परिशिष्ट १

## व्यक्तिगत अध्ययन

### वीरमान बज्राचार्य

मेरो जन्म भक्तपुर जिल्लामा भएको हो । उतिबेलाको समयमा ८ कक्षा सम्म पढेको थिएँ । घरमा मूर्ति बनाउने काम गरिन्थ्यो । १५ वर्षको उमेरमा विवाह भयो । जग्गाजमिन पनि राम्रै थियो । एक छोरा र एक छोरी थिए । अर्को वच्चा जन्मने बेलामा वच्चा पाउन नसकेर श्रीमती खसी । एक छोरा र एक छोरीलाई हुर्काएर बसें । छोरा ठूलो भएपछि मलाई मूर्ति बनाउने काममा सघाउँथ्यो । छोरी खाना बनाउँथी । छोरा छोरी आफ्नो पढ्ने काम सकेपछि मलाई सघाउँथे । छोराको विहे गरेको १ वर्षपछि छोरीको पनि विवाह गरियो । पछि छोरा विदेश तिर लाग्यो । घरमा बुहरी र म मात्रै । ३ महिना पछाडि छोराको मरेको खवर आयो । त्यसपछि बुहरी पनि माइततिर लागि । घरमा म एक्लै । छोरी लिन आएकी कुटुम्वकोमा बस्न राम्रो हुँदैन भनेर गइन । छोरा मरेको दुई वर्ष पछि छोरी पनिगाडि दुर्घटनामा परेर मरी । छोरीको सानी छोरी मात्र थिई । छोराछोरी सबै खसे । विरक्त लागेर कता कता डुलि हिंडे । पछि घरमा आउँदा दाजुभाइले आफ्नो जायजेथा सबै आफ्नो बनाएछन् । मुद्दा लड्ने पैसा थिएन । त्यसपछि त्यत्तिकै कता कता घुमि हिंडे । पछि एक जनाको साथ लागेर पूर्वतिर आएँ । धरानमा एउटा फ्याक्ट्रीमा काम गर्न थाले । त्यहाँ १७ वर्ष विताए । पछि त्यहींका एकजना सरले यस आश्रममा ल्याइदिनु भयो । यहाँ आएको ६ वर्ष भयो । के गर्नु भाग्यमा यस्तै लेखेको रहेछ । श्रीमती छोराछोरी सबै दैवले चुडेर लगिदिए । आफ्नो सम्पत्ति दाजुभाइले खाईदिए । अहिले आएर आश्रममा बस्नु परेको छ ।

वीरमान बज्राचार्यको व्यक्तिगत अध्ययनमा भएको सम्पत्ति सबै आफन्तले खाइदिएकोले आश्रममा आश्रित भएको देखिन्छ ।

**नर्मदा सापकोटा (वर्ष ८०)**

मेरो जन्म पाँचथर जिल्लामा भएको हो । ७ वर्षको उमेरमा विवाह भयो । धेरै वर्ष सम्म मेरो छोराछोरी नभएकोले श्रीमानले अर्की श्रीमती ल्याए । श्रीमान र सौताले असाध्यै हेला गरेकोले माइतमा बस्न थाले । आमा बुवा हुन्जेल ठिकै थियो । आमा बुवा खसेपछि बुहारीले अति नै हेला गर्न थाली । त्यस्तो सहेर पनि निकै वर्ष बसें । असह्य भएपछि फेरि श्रीमानको घरतिर गएँ । त्यहाँ त झन सौता । आफ्ना छोराछोरी थिएनन् । सौताको छोराले राम्रो गर्दैन थिए । छोरीले चाही ठिकै गर्थी । श्रीमानको मृत्युपछि झन् बढी हेला गर्न थाले । आफ्नो सम्पत्ती थिएन । पढेलेखेको थिएन। मुद्दा लड्न कसैले भनिदिएन । पछि फेरी माइत आएँ । माइतमा आमा बुवा थिएनन् । बुहारीले राम्रो गर्दिन थिइ । पछि भाइले यस आश्रमको बारेमा सुनेछ । अनि यहाँ ल्याएर राखिदियो । यहाँ बसेको ११ वर्ष भयो । विराटनगरबाट सौताकी छोरी कहिलेकाही भेट्न आउँछे । भाइ ४, ५ वर्ष पहिले आएको थियो । फेरि आएको छेन । के गर्नु भाग्यमा लेखेको नभोगी नहुने । यहाँ जस्तो दिन्छन् चुप लागेर खानु पऱ्यो । घाट कुरेर बसेकी छु ।

आफ्ना छोराछोरी र आफ्नो नाममा ज्यूती नभएको कारण आश्रमवासी भएर बसेको देखियो ।

**प्रेमप्रसाद उपाध्याय निरौला (वर्ष ७५)**

मेरो जन्म ताप्जेलुङ्ग जिल्लामा भएको हो । १६ वर्षको उमेरमा विवाह भयो । दुई भाई छोरा र ३ छोरी भए । उतिबेलाको समयमा ८ कक्षा सम्म पढेको थिएँ । पहाडमा जग्गा जमिन पनि पुग्दैन थियो । ३४ सालमा छोराहरू पढ्न काठमाडौं जाने भने पछि हामी सबै काठमाडौं तिर लाग्यौं । पहाडको बेचेर मोरङ्ग जिल्लाको सौठा भन्ने ठाउँमा जग्गा किनियो । ४८ सालतिर मेरो आँखामा समस्या भयो । अप्रेशन गर्नुपऱ्यो । छोराछोरी सबैको काठमाडौंबाट नै विवाह गरियो । श्रीमतीसँग पहिले देखि

नै त्यति राम्रो सम्बन्ध थिएन । अप्रेशन गरेपछि पनि मेरो आँखामा त्यति सुधार आएन आँखा मधुरो हुँदै गयो । त्यसपछि त झन श्रीमतीले पनि झन नराम्रो गर्न थाली । छोराछोरी नातिनातिनाले त ठिकै गर्थे तर आफ्नै सहधर्मिणीले नराम्रो गरेपछि काठमाडौंमा बस्न मन लागेन । म पहिले देखि नै रेडियो सुन्थें । रेडियोमा विश्रान्ति वृद्धाश्रमको बारेमा सुनेर आफैं यहाँ आए । यहाँ आएर बसेको ११ वर्ष भइसक्यो । एकचोटि विचमा नाति लिन आयो । सारै अपहत्ते गरेर काठमाडौं लग्यो । ६ महिना जति बसे । आफू राम्रोसँग आँखा नदेख्ने, श्रीमतीले पनि नराम्रो गर्ने । श्रीमतीले नराम्रो गरेपछि बुहारीले पनि के राम्रो गर्थी । फेरी फर्केर यही आएँ । एउटा छोरा नर्वे गएको भन्ने सुन्छ । अर्को छोराको पनि राम्रो व्यवस्था छ । छोरीहरूको पनि राम्रै छ । छोरीहरू र नाती कहिलेकाही भेट्न आउँछन् ।

आफ्नो छोराछोरीहरूले राम्रै गरे पनि श्रीमतीको नराम्रो व्यवहार छ । त्यसैले आश्रममा आएर बस्न बाध्य भइयो ।